लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
Naya Bimarsha Weekly

## स्वास्थ्य मन्त्रालयमा देखिन थाले सुधारका संकेतहरु



काठमाडौं/नेपाली कांग्रेस र नेकपा (एमाले) बीच सत्ता साझेदारीका लागि ७ बुँदे सम्झौता भै बनेको सरकारमा स्वास्थ्य तथा जनसंख्या मन्त्री बनेका छन्कांग्रेसका युवा नेता एवं प्रखरवक्ता प्रदीप पौडेल ।

भाषण कम र काम बढी गर्ने स्वभावका मन्त्री पौडेलले स्वास्थ्य मन्त्रालयको जिम्मेवारी सम्हालेको झण्डै ६ महिना पुग्न लागेको छ । यो अवधिमा मन्त्री पौडेलले अनुभूति हुने गरी काम शुरु गरेका छन् । उनीभन्दा अगाडिका स्वास्थ्यमन्त्रीहरुले स्वास्थ्य मन्त्रालयलाई कमाउने अखडाका रुपमा परिणत गर्दै आइरहेका थिए । बिग्रेका स्वास्थ्य उपकरण मर्मत गर्नुकोसट्टा नयाँ उपकरण खरिद गरेर कमिशन खान पल्केकाहरुलाई मन्त्री पौडेलले उपकरण मर्मतको जिम्मा आविष्कार केन्द्रलाई दिएर मुखमा बुझो लगाई दिएका बाँकी ७ पृष्ठमा

वर्ष १८, अंक २०, २०८१ पौष ५ गते शुक्रबार (Dec. 20, 2024) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू.१०।- (संस्थागत रु.१५।- ) website: www.nayabimarsha.com

# प्रतिवेदनको अध्ययनमा सरकारी वकील

## ■ अदालती प्रक्रिया चल्ने ■ रास्वपा अन्योलमै

भक्तपुर/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने विरुद्धको अनुसन्धान प्रतिवेदन कास्की प्रहरीले बुझाएको छ । जिल्ला सरकारी वकील कार्यालयमा प्रतिवेदन बुझाइएको जिल्ला प्रहरी कार्यालय कास्कीका डीएसपी वसन्त शर्माले जानकारी दिएका छन् ।रायसहितको अनुसन्धान प्रतिवेदन छ सय पृष्ठ लामो रहेको समाचार स्रोतले जानकारी दिएको छ । प्रहरीले लामिछानेसहित ५१ जनालाई प्रतिवादी बनाउन राय दिएको छ । पछिल्लो समयमा पक्राउ परेका पाँचजनार यसअघि पक्राउ परेका नौजनासहित फरारहरुलाई समेत प्रतिवादी बनाउन राय दिइएको थाहा भएको छ ।

लामिछानेविरुद्ध सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा अभियोजन गर्न प्रहरीले राय दिएको हो । लामिछानेसहितलाई अदालतले संभवतः अन्तिम पटकका लागि चार दिनको म्याद थप गरेको अवस्थामा आगामी आइत वा सोमबार मुद्दा दायर गर्ने तयारीमा सरकारी वकील रहेको समाचार स्रोतले बताएको छ ।

लामिछानेसमेत मुछिएको यो प्रकरणलाई रास्वपाले राजनीतिक प्रतिशोधको संज्ञा दिँदै त्यसको विरुद्धमा




आफ्ना नेता-कार्यकर्ताहरुलाई सडकमा समेत उतार्दै आएको छ । सडकमा पुगेका उनीहरुले न्यायालय, सरकार, प्रधानमन्त्री तथा अन्य दलका नेताहरुका विरुद्धमा चर्का नाराबाजी समेत गरे । सोही कारण अदालतमा अदालतको अवहेलना मुद्दाको सामना समेत उक्त दलका नेताहरुले खेप्नुपरेको छ । अदालतमा परेको उक्त मुद्दा विचाराधीन अवस्थामा छ ।

लामिछाने सहकारी ठगीको रकमको अपचलनमा संलग्न रहेको भन्ने कुरा संसदीय छानविन समितिले तयार गरेको प्रतिवेदनमा थियो । उक्त प्रतिवेदन सरकारलाई बुझाउँदै उनीसहितकालाई कारबाहीको सिफारिस गरिएको थियो । सोही प्रतिवेदनको आधारमा सरकारले कारबाही प्रक्रिया अघि सारेको अवस्था छ । अहिले सरकारी निकायले अदालती प्रक्रिया अन्तर्गत नै लामिछानेलगायतलाई कानूनी कारबाहीको लागि अदालतको शरणमा पुऱ्याएको छ ।

ठगी तथा सहकारीको रकमको अपचलनजस्तो फौजदारी मुद्दामा परी अनुसन्धानका क्रममा रहेका लामिछानेले हिरासतमै रहेका बखत आफ्ना बाँकी ७ पृष्ठमा


## बुटवल गोरुसिंगेको सडक विस्तारले फेरि यात्रुलाई सास्ती

चितवन/ नारायणगढ-बुटवल र मुग्लिङ्ग पोखरा खण्डको सडक विस्तारले सकसपूर्ण यात्रा गर्दै आइरहेका यात्रुहरुलाई अब बी.पी. राजमार्गको अलावा बुटवल गोरुसिङ्गे सडक विस्तारले अर्को सास्ती खेप्नुपर्ने भएको छ ।

नेपालमा यात्रुहरु सडक विस्तार हुने भयो भनेर खुशी हुनुभन्दा दुखी हुनुपर्ने अवस्था बनेको जानकारहरुले बताएका छन् । सडक निर्माण समयमै पूरा नहुँदा यस्तो अवस्था आएको समाचार श्रोतले बताएको छ । अबको एक महिनापछि पूर्व-पश्चिम राजमार्ग अन्तर्गत ५० किलोमिटर लामो बुटवल-गोरुसिङ्गेको सडक विस्तार गर्न लागिएको हो । यो सडक विस्तारका लागि १३ अर्ब ५५ करोड बढीको ठेक्का चिनिया निर्माण कम्पनी सान्सी कन्स्ट्रक्सन इन्जिनियरिङ्ग ग्रुप कर्पोरेसन र चितवनको आशिष निर्माण सेवा जे.भी.ले पाएको बताइएको छ ।

विश्व बैंकको लगानीमा बिस्तार हुने उक्त सडक तीन वर्ष भित्र काम सम्पन्न गर्ने गरी गत २०८१ असार १३ गते ठेक्का सम्झौता भएको समाचार श्रोतले बताएको छ ।नारायण-बुटवल र मुग्लिङ्ग पोखरा सडक खण्डमा सवारी साधन र यात्रुले पाएको वा पाउँदै आएको सास्तीलाई मध्यनजर गर्दै अहिलेको पिच बाँकी ७ पृष्ठमा

## एमालेले वास्ता नगरेपछि गौतम एसतिर



काठमाडौं/ नेकपा राष्ट्रिय एकता अभियानका संयोजक वामदेव गौतम नेकपा एकीकृत समाजवादी (नेकपा एस)मा प्रवेश गर्ने चर्चा चलेको छ । राष्ट्रियसभाका सदस्य समेत रहेका गौतमलाई नेकपा (एमाले) ले खासै वास्ता नगरेपछि र पार्टीमा भित्र्याउनेबारे महत्व नदिएपछि गौतम नेकपा एसमा प्रवेश गर्ने तयारीमा लागेको समाचार श्रोतले बताएको छ ।

हक्की र खरो स्वभावका गौतम पछिल्लो केहि समयदेखि सकृय राजनीतिमा छैनन् । गौतमलाई नेकपा एसमा ल्याउन एकीकृत समाजवादीका नेताहरु निरन्तर प्रयासमा लागेपछि गौतम सकारात्मक बनेको सूत्रले बताएको छ । पार्टीको औपचारीक प्रकृया पूरा गरेपछि गौतम सम्मानजनक पद लिएर प्रवेश गर्ने बताइएको छ । पदमा भएपनि नभएपनि सधै चर्चामा आइरहने गौतमले खड्गप्रसाद शर्मा बाँकी ७ पृष्ठमा

## नेपाली वायुसेवा ईयूमा प्रतिबन्धित

काठमाडौं/ नेपालका सबै वायुसेवा कम्पनीलाई आफ्नो आकाशमा उडान गर्न युरोपेली युनियन (ईयू) लेफेरि प्रतिबन्ध लगाएको छ ।

ईयूले प्रत्येक वर्ष अद्यावधिक गर्ने 'ईयू सेफ्टी लिस्ट' मा नेपालका हवाईजहाज र हेलिकोप्टर सेवा प्रदायक सबै कम्पनीलाई प्रतिबन्ध नै लगाएको हो । युरोपको उडानमा प्रतिबन्ध लगाइएको अवस्थामा सेफ्टी लिस्टमा रहेका नेपाली वायुयानले युरोपमा उडान गर्न पाउने छैनन् । त्यसो त नेपालका कुनै पनि वायुसेवाले युरोपमा अहिले उडान भरिरहेका छैनन् । नेपालमा रहेका अन्तर्राष्ट्रिय वायुसेवा प्रदायकका रुपमा रहेका नेपाल वायुसेवा निगम, बुद्ध एयर र हिमालय एयरलाइन्सले अहिलेसम्म युरोपका कुनै पनि गन्तव्यमा आफ्नो उडान भर्ने गरेका छैनन् ।

यो लिस्टमा पर्नेले युरोपको आकाशमै प्रवेश गर्न पाउँदैनन् । चार्टर उडानमा जाँदा पनि यो लिस्टमा पर्नेहरुलाई समस्या पर्न सक्छ । ईयूले करिब ११ वर्षदेखि नेपालका सबै वायुसेवालाई आफ्नो आकाशमा उड्न प्रतिबन्ध लगाउँदै आएको अवस्थामा नेपाल सरकारले आफ्नो देशको वायुसेवालाई विश्वस्तरिय बनाउन नसकेको आरोपको सामना गर्दै आउनु परेको छ । त्यसो त बाँकी ७ पृष्ठमा

# पत्रकारको नेतृत्वमा इतिहास

काठमाडौं/ नेपाल पत्रकार महासंघको अध्यक्षमा निर्मला शर्मा विजयी भएकी छन्। शर्मा चार हजार दुई सय ८२ मत प्राप्त गरी विजयी भएकी हुन्। उनले आफ्नो विजयसँगै नयाँ इतिहास रच्न सफल भइन् । उनी महासंघको केन्द्रीय नेतृत्वमा पुग्ने पहिलो महिला बन्न सफल भएकी छिन् । उनका निकटतम प्रतिद्वन्द्वीकारुपमा रहेका रमेश विष्टले तीन हजार दुई सय तीन मत प्राप्त गरेका भनी महासंघको केन्द्रीय निर्वाचन समितिले जानकारी गराएको छ ।

यसैगरी अध्यक्षका अर्का उम्मेदवार देवीप्रसाद सापकोटाले दुई सय ७० र लालसिंह लामाले ९६ मत प्राप्त गरेको पनि जनाइएको छ । यस्तै वरिष्ठ उपाध्यक्षमा दीपक आचार्य चार हजार दुई सय ३० मत प्राप्त गरी विजयी भएका छन् । उनका निकटतम प्रतिस्पर्धी रोशन पुरीले दुई हजार आठ सय ८६ मत प्राप्त



गरेका थिए । यस्तै, उपाध्यक्ष (महिला) मा नितु पण्डितले चार हजार सात सय पाँच मत प्राप्त गरी सबैभन्दा बढी मत पाउने उम्मेदवारको रुपमा समेत नाम राख्न सफल भएकी छिन् । उनका निकटतम प्रतिस्पर्धीका रुपमा रहेकी गंगा पौडेल (बराल) ले दुई हजार छ सय ४४ मत मात्र प्राप्त गरिन्।

यसैगरी उपाध्यक्ष (समावेशी) मा उमिदप्रसाद बागचन्दले चार हजार दुई सय ९२ मत प्राप्त गरी विजयको माला पहिरिन सफल भए। सुभाषप्रसाद साहले दुई हजार ८० मत प्राप्त गरेको अवस्थामा बागचन्दलाई फराकिलो जित निकाल्न सहज भएको थियो । यसैगरी बढी बाँकी ७ पृष्ठमा

JANASHAKTI
By HR Capital Nepal

# आर्थिक मन्दीः बेरोजगारलाई तनाव

देशमा आर्थिक मन्दी र बेरोजगारी छ । आर्थिक मन्दीको फाइदा होटल-रेष्टुरेण्ट व्यवसायी, निजी संघसंस्थाका मालिकलगायतले भरपुर रुपमा उठाएका छन् । मन्दीको बहाना बनाउँदै पुरानालाई निकाल्ने, नयाँलाई एकाध महिना सित्तैमा दलाउने । बेरोजगारीका कारण सर्वसाधारण एकाध महिना सित्तैमा खटिन्छन् ।

त्यसपछि तलबको कुरा गरेमा काम चित्त बुझेन भनेर निकालिदिने । घरायसी काम गर्नेहरुलाई पनि त्यस्तै व्यवहार गरिँदैछ । एकदुई महिनाको श्रम शोषकहरुले सित्तैमा खाइरहेका छन् । पहिले काम हेरौं भनेर राख्ने अनि तलबको कुरा निकालेपछि विभिन्न बहाना बनाएर कामबाटै निकालिदिने ।

यस्तालाई कारबाही गर्न देशमा नियामक निकाय छैन ? कसैको श्रम कसैले सित्तैमा खान पाउँदैन् तर सरकार धारे हात लगाएर बस्दा गरिबहरुको श्रम शोषण गरिएको छ । सरकार भन्छ,'श्रमिकलाई मासिक १७ हजार तीन सय रुपियाँ तलब दिनुपर्छ । नियुक्तिअनिवार्य रुपमा दिनुपर्छ ।'

त्यसैगरी, एक महिना बराबरको रकम

**प्रसङ्गवश**
**अनुषा थापा**



तलब दशै पेश्कीबापत दिनुपर्छ । उपचार खर्च, सार्वजनिक बिदा पनि दिनुपर्ने व्यवस्था छ । कामबाट निकाल्दा साहुले तीन महिनाको तलब दिनुपर्छ । विडम्बना, यहाँ त काम गरेकै तलब पाइँदैन । पेश्की, उपचार खर्चको त कुरै छोडौं ।

परिवार सबैको हुन्छ । सबैलाई खान पर्छ । आफ्नो परिवार पाल्नुपर्छ । कोठा भाडा तिर्नुपऱ्यो । बालबच्चाको पढाइ खर्च तिर्नुपर्छ । गाडी चढ्नुपर्छ । घरमा कोही बिरामी पर्ला, अस्पताल लैजानुपऱ्यो । उनीहरु त काम पाइएला भनेर सित्तैमा खटिएका छन् । अन्त्यमा काम नै दिँदैनन् ।

यो त सरासर गरिब, बेरोजगारीमाथि अन्याय हो । उनीहरु चाँहि व्यापार गर्ने, पैसा लिने, काम गर्नेलाई चाँहि शोषण गर्ने । एकाध महिनापछि ऊ काम खोज्दै कहाँ जाओस् ? अन्त पनि त्यहीँ नै हो । एकाध महिना हेरौं भन्छन्, काम दलाउँछन् । अनि पैसा दिनुपर्ने भएपछि निकालिदिन्छन् ।

सर्वसाधारणले सुनदेखि नुन पसलमा सामान किनेपछि पैसा तिर्छन् । होटल-रेष्टुरेण्टमा गएर चिया-खाजा खाएपछि तुरुन्तै पैसा तिर्छन् । साहुले आफू पैसा लिने, काम गर्नेलाई नदिने । पैसा दिन परेपछि तिनको दाँतबाट पसिना आउँछ । ठेकेदारहरुले पनि त्यस्तै गरिरहेका हुन्छन् । बाँकी ७ पृष्ठमा

## सडक डिभिजन काठमाडौंको अनुरोध

१. सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण एंव सम्बद्धन गर्नु हामी सबैको साझा दायित्व हो । विभिन्न सडक खण्डमा अनधिकृत रुपबाट सडक सिमा अतिक्रमण गरी घर, टहरा निर्माण गर्ने होडिङ्ग बोर्ड राख्ने, निर्माण सामाग्रीहरु सडकमै थुपार्ने, सडकमै सवारी साधन धुने, सडक नाली पुरी बाटो बनाउने, स्वीकृति नलिई जथाभावी सडक खन्ने तथा नालीमा ढल मिसाउने एवं फोहर फाल्ने इत्यादि कार्यका कारण सडक आवागमन तथा वातावरणमा समेत प्रतिकुल असर पर्ने हुनाले उपरोक्त क्रियाकलापहरु नगर्न नगराउनु हुन सम्बन्धित सबैलाई यस सडक डिभिजन हार्दिक अनुरोध ।
२. सडक भन्ने वित्तिकै सडक विभागको हो भन्ने आम धारणा रहेको छ, तर त्यसो नभई विभिन्न निकायबाट सडक निर्माण्ण तथा मर्मत कार्य भइरहेको छ । सम्बन्धित निकायले आ-आफ्नो क्षेत्राधिकार भित्र रही आवश्यक समन्वयमा निर्माण तथा स्तरोन्नति गरिदिनु हुन समेत अनुरोध ।
३. यस डिभिजनमा मातहतका सडकहरुमा बिजुलीका पोलमा स.वि. लेखिएको छ । उक्त सडक खण्डहरुमा कुनै किसिमको गुनासो भएमा तुरुन्त सडक डिभिजन काठमाडौंमा सम्पर्क गरी जानकारी गराउनु अनुरोध ।
४. सडकमा नै खानेपानी, ढल, विद्युत लगायतका संरचनाहरु सम्बन्धित निकायहरुबाट विछ्याउने कार्य भइरहेको छ । ती कामहरुमा भएका गुनासाहरु एकिन गरी तत् तत् निकायमा गुनासो गर्नु हुन र यस कार्यालयलाई पनि जानकारी गराउनु हुन अनुरोध ।
५. सडक निर्माण गरेपछि योजनाबद्ध मर्मत गर्नुपर्ने हुन्छ । खाल्डाखुल्डी टाल्ने देखि पुनस्थापना गर्नु नियमित प्रकृया भएकोले हाल भइरहेको मर्मत तथा स्तरोन्नति कार्यमा असर पर्ने गरी अपहा फैलाएको समेत पाइन्छ । तसर्थ उक्त भ्रामिक कुरा नगरी सडक डिभिजनलाई सहयोग पुऱ्याउन सबैमा सडक डिभिजन काठमाडौं हार्दिक अनुरोध गर्दछ ।

– डिभिजन प्रमुख

# नेपालमा मानिसहरू किन आए ?

**हरि प्रसाद सोडारी**

वर्तमान समयमा नेपाली विद्यार्थी र अनुसन्धानकर्तालाई अमिबाबाटै मानिसको विकास भएको, अफ्रिकाबाट प्राणीहरु विस्तार भएको, भारतबाट हुँदै ब्राह्मणहरु नेपाल आएको पाठ रटाइएको छ। नेपालको माटो, तीर्थस्थल, साधनाविधि, पर्वहरु, जीवनशैलीले हामी कहाँबाट आयौँ भन्ने बुझाउँछ।

प्राचीन कालदेखि अध्ययन र अनुसन्धान गर्न, तीर्थाटन र देवदर्शन गर्न, साधना र साक्षात्कार गर्न नेपालमा आउनेहरू प्रशस्तै भएको पुराण, तन्त्र, किंवदन्ती आदिले बताउँछन्। द्वापरयुगसम्म नेपालका अधिकांश हिमाल, पहाड, गुफा, नदी, जंगल आदिमा विद्याको सागर लहराउँथ्यो, साधकका बस्ती थिए, प्रविधि परीक्षणको होड चल्थ्यो, प्रशिक्षणको प्रकाश चम्किन्थ्यो।

गुरुकुल र वंशकुल (परिवार)बाट विद्या, सीप, कला आदिको हस्तान्तरण तथा पुस्तान्तरण हुन्थ्यो। ऋषि, साधु र गुरुहरूका पाठशाला, यज्ञस्थल, तपस्थलहरू यत्रतत्र भेटिन्थे। पहाडका टाकुरा वा मैदानजस्तो भागमा खुल्ला चउर भेटिन्छन्, जहाँ कुनै विरुवा उम्रेका हुँदैनन्, ती सबै यज्ञस्थल हुन्।

उदाहरणका लागि मृगस्थली र ध्रुवस्थलीमा जंगल छ तर कैलाशमा कुनै विरुवा छैन। यज्ञ भएका ठाउँमा विरुवा उम्रदैन। हिमालका चोटी, पहाडका टाकुरा, नदीका किनारा र गुफाको एकान्तमा पुर्खाले आत्मचिन्तन एवं ब्रम्हाण्डको अनुसन्धान गरे।

अग्नि र वेदलाई साक्षी राखेर यज्ञ गर्थे, भूऊर्जाअनुसार भौतिक संरचना बनाउँथे, ग्रहको प्रभाव हेरी ज्योतिषका ग्रन्थ लेख्थे, ध्वनिअनुसार संगीत र वनस्पतिका आधारमा आयुर्वेदको अध्ययन गर्थे, प्रकृति र प्राणीको सम्बन्धमाथि चिन्तन गर्थे।

पानीमा चेतना हुन्छ, वनस्पतिमा प्राण हुन्छ भन्ने बुझेर जल र जंगलको निकटमा बस्थे। मन्त्र, आगो, पानी र प्रकृतिको संयोजन गर्न नेपालमा सहज भएकाले अनेक सिद्धि गर्न ऋषि र साधक आउँथे। मन्त्रशक्ति पानीमा, तन्त्रशक्ति वायुमा, अदृश्यशक्ति यन्त्रमा प्रयोग गर्न नेपालले सिकायो।

विश्वका अधिकांश मानव एवं सभ्यताको विकासमा जल, जंगल एवं जमिनको बनोटले प्रभाव पारेको छ। उपनिवेशकालमा जलमार्गबाट अन्य देश र महादेशमा पुगे। जलस्रोतले सम्पन्न भएकाले अन्न उब्जन, फलफूल फल्न, जीवन धान्न नेपालमा सजिलो भएकाले साधकहरूको बस्ती बाक्लिन पुग्यो।

यहाँको वायुले जीवन, माटोले मूर्ति, पानीले शान्ति, जमिनले जागरण दिने हुँदा साधकहरू आकर्षित भए। अहिले पनि भारतबाट हिन्दूहरू, बौद्धराष्ट्रबाट बुद्धका अनुयायीहरू उच्च साधनाका लागि नेपाल नै आउँछन्।

विश्वका अधिकांश मानव एवं सभ्यताको विकासमा जल, जंगल एवं जमिनको बनोटले प्रभाव पारेको छ। उपनिवेशकालमा जलमार्गबाट अन्य देश र महादेशमा पुगे। जलस्रोतले सम्पन्न भएकाले अन्न उब्जन, फलफूल फल्न, जीवन धान्न नेपालमा सजिलो भएकाले साधकहरूको बस्ती बाक्लिन पुग्यो।

यहाँबाट सीप, शिक्षा, संस्कारलाई सिकाउन प्राचीनकालदेखि ऋषिहरू बाहिरिए। यहीँबाट संस्कृतभाषाको वितरण भयो, वैदिक ज्ञानको हस्तान्तरण भयो, अनेकौँ सीप र संस्कारको सञ्चार भयो, प्रविधि र विद्याको प्रसारण भयो। यहाँबाट मूल फुटेका ज्ञान र प्रविधिहरू तक्षशिला, नालान्दा, विक्रमशिला भई विश्वविद्यालयमा रूपान्तरित भए।

केहीले गुरुकुल र वंशकुलमा रही फूले, फले र संस्थागत रूप लिए। नेपाली बसाई सरेको क्षेत्रलाई आर्यावर्त, उनीहरूको धर्मलाई सनातनधर्म, संस्कृतिलाई वैदिक संस्कृति भनियो। इण्डोनेशियादेखि अफगानिस्तानसम्म, तिब्बतदेखि श्रीलंकासम्म हाम्रा शिक्षा, संस्कृति, विज्ञान आदिले जरा गाड्न पुगे।

हामी सुस्ताएपछि सिन्धुघाँटीको सभ्यता जग्मगायो, वनारसलाई विद्याको भण्डार बनाइयो। समयसँगै वैभवको बासस्थल, ज्ञान मौलाउने भूगोल फरक हुन पुग्यो। अहिले अमेरिका एवं युरोप विद्याको खानी, अर्थको भण्डार बनेकाले त्यहाँ ओइरो लाग्ने क्रम बढेको छ।

नेपाल, वैदिक शास्त्र र धर्मलाई बुझ्न यहाँको भूगोल, पुराण, प्रकृति, प्राणीमाथि अनुसन्धान हुनुपर्छ। भुसुण्डीरामायणको १४० औँ अध्यायले राजा दशरथ पशुपति, गुह्येश्वरी आदिको दर्शन गर्न आएको बताउँछ। हिमवत्खण्ड, पशुपतिपुराण आदिले कृष्ण, प्रद्युम्न काठमाडौं उपत्यका आई प्रद्युम्नले सूर्यकेतुकी छोरी प्रभावतीसँग विवाह गरेको जानकारी दिन्छ। पाण्डवका गुरु धौम्य ऋषिको साधनास्थल इलामजिल्लामा पर्छ।

नेपालका नदी, हिमाल, कुण्ड, भञ्ज्याङ, गुफा, घाट, टाकुरा आदिमा ऋषि, सिद्ध, राक्षस आदि तपस्या गर्न आएको पुराण, जनश्रुति, शिलालेख, इतिहास आदिले बताउँछ। मुस्ताङको लोमाङथानमा लोमश ऋषिको साधनास्थल छ।

कागभुसुण्डीले तिलिचो ताल, गोरखाजिल्लाको भुसुण्डीखोला एवं काठमाडौंको सुन्दरीजलस्थित कागेश्वरमा साधना गरेका थिए। जनकपुर, पशुपति, गोसाइँकुण्ड, मुक्तिनाथलगायतमा दर्शन तथा स्नान गर्न नेपालेतरका महामनाहरू प्राचीन कालदेखि आउँथे।

*कृतानि त्रीणि कुण्डानि ब्रम्हणात्र तपस्विना।*
*योगेनैव पवित्राणि लोकोद्धारणहेतुना।।*
*कश्यपोपि तपस्तेपे शिवाराधनतत्परः।*
*दक्षः प्रजापतिः श्रेष्ठो मार्कण्डेयो महामुनिः।।*
*अश्वत्थामा बलिर्व्यासो हनूमाँश्च कृपस्तथा।*
*रामो विभीषणो रक्षस्तेपिरे दीर्घजीविनः।।-हिमवत्खण्ड, (७१।१७-१९)*

अर्थात् "ब्रम्हाजीले यहीँ तपस्या गरी तीन कुण्डको स्थापना गरे, कश्यप र दक्षप्रजापतिले यहीँ साधना गरे। मार्कण्डेय, अश्वत्थामा, बलि, व्यास, हनूमान्, कृपाचार्य, परशुराम र विभीषणले यहीँ तपस्या गरेर चिरञ्जीवी भए।"

पृथ्वीकै पुण्यतम पाशुपतक्षेत्र यहीँ छ, जसले सबै प्रकारका इच्छाहरू पूरा गर्नका साथै भुक्ति र मुक्ति प्रदान गर्दछन्। नेपाल दैवी र प्राकृतिक ऊर्जाले सम्पन्न राष्ट्र हो किनकि जहाँका प्रत्येक पत्थरहरूमा शिवको बास छ, प्रत्येक नदी र खोलाहरूमा विष्णुको निवास छ, प्रत्येक फूलहरूमा ब्रम्हाजीको आसन छ, प्रत्येक बाँसमा कृष्णको धुन छ, हरेक कमलमा सरस्वतीको सुबास छ, हरेक खनिजमा परशुरामको पराक्रम छ, हरेक काठमा बलरामले प्रयोग गर्ने अचूक हतियार हलोको तागत छ, हरेक गुफामा सिद्धहरूको तपस्यास्थल छ।

शैवभूमि महादेवले नाचेको भूमि, व्याकरणका चौध सूत्रको उत्पत्तिस्थल नेपालै हो। वेदव्यासले तनहुँको दमौलीस्थित व्यासगुफामा बसी वेदको संकलन तथा विभाजनसहित १८ पुराणहरूको रचना गरे।

सतीदेवीको अंगपतन भएको स्थानमा चौसठ्ठी शिवलिंग उत्पन्न भए। त्यहाँ ऋषिहरूले साधना गरी उनीहरूकै नामबाट शिवलिंगको नाम राखियो। ललितपुरस्थित कालेश्वरशिवलिंगमा यमराजले, मकवानपुरको पाण्डुकेश्वरशिवलिंगमा पाण्डवहरूले, नुवाकोटको कपिलासवेसीमा राक्षसराज रावणले राक्षसेश्वरशिवलिंग स्थापना गरे।

असित ऋषिले गौतम बुद्धको पैतालामा चक्रको चिन्ह, हात र खुट्टाको चमकलगायतका दैवी लक्षण देखेपछि नारायणको अंश एवं विष्णुको नवौँ अवतार भनी भविष्यवाणी गरे। प्रो. बाबूलालले यस विषयमाथि प्रकाश पारेका छन्। धादिङ जिल्लाको असितेश्वरशिवलिंगले असित ऋषि यहींका थिए भन्ने बताउँछ।

नेपालका देवीदेवता एवं ऋषिमुनिहरूको नामबाट कैयौँ हिमाल, पहाड, नदी आदिका नाम राखिए। उनीहरूले अवतार लिएको, साधना गरेको, युद्ध र शस्त्रअस्त्रको अभ्यास गरेको स्थान यहीँ थियो भन्ने जानकारी कञ्चनजंघा, कालीञ्चोक, दार्चुला आदिको भूगोलले दिन्छ।

यहीँबाट शैव र शाक्त तन्त्रको विकास, विष्णु अनुष्ठानको प्रारम्भ, बोन र बौद्धधर्मको प्रसारण भयो। नेपालले देवीदेवता र ऋषिऋषिकाहरूसमेत पैदा गरी आर्यावर्तलाई वेद, पुराण, मुन्धुम, त्रिपिटक र तन्त्र आदि दियो। यहीकारण मच्छेन्द्रनाथ, गोरखनाथ र शंकराचार्यहरू तीर्थमयी नेपालको दर्शनाभिलाषी भएर आए।

गोरखनाथले द्रव्य शाह, राम शाह र पृथ्वीनारायण शाहलाई आशीर्वाद दिए। राजा विक्रमादित्य नेपालमा आएर वज्रयोगिनीको साधना गरे, काठमाडौंको बत्तीसपुतलीसँग उनको इतिहास जोडिएको छ। शिवदेवको शासनकालमा (वि. सं. ११५८) काशीबाट शंकराचार्य आएका थिए।

देवमाला एवं वंशावलीहरू अनुसार अंशुवर्मालाई यमराजले स्वप्नामा आफ्नो मूर्ति बनाई प्रकाश पार्न भनेका थिए। काशीबाट विश्वनाथभैरव काठमाडौंस्थित भद्रकालीको जात्रा हेर्न आउँदा यहाँका तान्त्रिकहरूले समातेर राखे।

विभिन्न लोकका देवीदेवता नेपालमा बस्न आएको पढ्न पाइन्छ। पछिल्लो समयमा खप्तड स्वामी, शिवपुरीबाबा, पाइलटबाबा, मुरारीवापुले मात्र होइन भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा तपस्या गरे। भारतमा चुनाव आउँदा वा मन्त्रीमण्डल परिवर्तन हुन लाग्दा पशुपति दर्शन, मुक्तिनाथको स्पर्शका लागि लालायित हुन्छन्।

शिरध्वज जनकले यहीँ सीतालाई प्राप्त गरे, जनकदर्शन लेखे। देवपत्तन ( पाशुपतक्षेत्रमा देवीदेवता बस्छन्) र ऋषिपत्तन (ऋषिहरूको निवासस्थान नुवाकोट) यहीँ पर्छन्। नरहरिनाथ महाराजजीका अनुसार काशीभन्दा पहिले विद्याको केन्द्र कास्की भएकाले न्याय हराए गोरखा जानु विद्या हराए कास्की जानु भनिन्थ्यो।

कास्की शब्द अपभ्रंश भई काशी हुन पुग्यो। पर्वतजिल्ला ज्योतिष, वाग्लुङ तन्त्रशास्त्र, मुस्ताङजिल्ला पितृमुक्ति, मनाङजिल्ला ब्रम्हचिन्तनका लागि प्रसिद्ध थियो। चीन र तिब्बतबाट प्रभावकर मित्र, ह्वेनसाङ, लिंपियाओ, शान्तरक्षित, मञ्जूश्री आदि महामनाहरू विभिन्न प्रयोजनका लागि नेपाल आएका थिए।

क्रकुच्छन्द बुद्धले शिवपुरीडाँडामा शिष्यहरूलाई भिक्षु बनाउने क्रममा जुंगा, दाह्री खौरिएर चूडाकर्म गराई वाक्यद्वारा वाग्वतीको उत्पत्ति गराएको चर्चा स्वयम्भूमहापुराणमा छ। जैनधर्मका आचार्य भद्रबाहु र स्थूलभद्रसमेत नेपाल आएका थिए।

अहिले पनि साइवेरियादेखि अनेकौँ चराहरू नेपालमा आउँछन्। यसैले नेपालमा प्रकृति र अप्सरा आइन्, जंगल र जल आए, देवीदेवता र हिमाल बसे, गुफा र कन्दराहरू लुके। नेपालको महत्व बुझेर अदृश्य र अप्राप्य शक्तिहरू बस्न, घुम्न, दर्शन गर्न आइरहन्छन्।

यहाँ नआउने देवीदेवता भएनन्, साधना नगर्ने ऋषि बनेनन्, माटोका टीका नलगाउने वीर भएनन्। यहाँ जो आए, नेपाली भए, आर्य बने। लिच्छविहरू, राजा हरिसिंहदेव भारतबाट आए तर नेपाली बनी बसे। नेपाल आउनमा, नेपाली हुनमा गौरव हुनेहुँदा प्राणीदेखि प्रकृतिसम्मले यही धरालाई पहिलो बासस्थान बनाए।

## एनएमबि बैंकको पुँजी २१.३६ अर्ब रुपैयाँ पुऱ्याउने

काठमाडौं। अग्राधिकार सेयर पारित गर्न एनएमबि बैंकले २९औँ वार्षिक साधारण सभा बोलाएको छ। बैंक सञ्चालक समितिको बैठकले पुस २५ गते काठमाडौंमा बिहान १० बजे साधारण सभा बोलाएको हो। बैंकको सभाले सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम प्रतिकित्ता १ सय रुपैयाँ दरका ३ अर्ब रुपैयाँको एनएमबि ८.२५ प्रतिशत अविमोच्य असञ्चित अग्राधिकार सेयर जारी गर्ने प्रस्ताव पारित गर्नेछ।




अविमोच्य असञ्चित अग्राधिकार सेयर जारीपश्चात् बैंकको अधिकृत पुँजी २० अर्ब रुपैयाँलाई २५ अर्ब रुपैयाँ पुर्याउने, जारी तथा चुक्ता पुँजी १८ अर्ब ३६ करोड ६७ लाख रुपैयाँलाई वृद्धि गरेर २१ अर्ब ३६ करोड ६७ लाख रुपैयाँ पुर्‍याउने प्रस्ताव पारित गर्नेछ।

बैंकको प्रवन्धपत्र तथा नियमावली संशोधनका लागि सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्नेछ। आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समिति र २. लेखापरीक्षकको वार्षिक प्रतिवेदन पारित गर्नेछ। आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्नेछ। (हालका लेखापरीक्षक एस.ए.आर. एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्स पुनः नियुक्त हुनका लागि योग्य रहेको बैंकले जनाएको छ।

## लिलाम सम्पत्ति बिक्रीबारे जानकारी दिन एनआईसी एशिया बैंकको अनलाइन पोर्टल

काठमाडौं। एनआईसी एशिया बैंकले बैंकिङ सम्पत्तिहरु, बैंकको नाममा रहेको गैरबैंकिङ सम्पत्ति तथा धितो सुरक्षणमा रहेको सम्पत्तिसहितको लिलामबिक्री सम्बन्धी विस्तृत जानकारी गराउने उद्देश्यले अनलाइन पोर्टल सार्वजनिक गरेको छ। बैंकले सञ्चालनमा ल्याएको यस अनलाइन पोर्टल मार्फत बैंकले लिलामबिक्री गर्ने सम्पत्तिहरु सम्बन्धी सबै सूचनाहरूको बारेमा विस्तृत जानकारी समेटिएको छ।

यसको लागि ग्राहकले लिलामबिक्री सम्बन्धी प्रकाशन गरिएको सूचनामा रहेको क्युआर कोड स्क्यान गरी देखिने पोर्टल (https/




auctionassistance.nicasiabank.com) भित्र लिलाम बिक्रीमा रहेका सम्पत्तिहरूको कित्ता नम्बर तथा क्षेत्रफलसहितको विवरण, फोटो, नक्सा एवं उक्त सम्पत्तिको स्थान (लोकेसन) पहिचानका लागि गुगल म्यापसहितका विविध जानकारीहरू प्राप्त गर्न सक्ने छन्।

यसरी ग्राहकले लिलामबिक्रीमा राखेको सम्पत्तिको पूर्ण विवरण हेरेपछि खरिद गर्न चाहेको सम्पत्तिको बारेमा थप जानकारी लिन आवश्यक भएमा सोही सम्पत्ति विवरण रहेको ठाउँमा उपलब्ध म्यासेज बक्समा आफ्नो पूरा नाम, इमेल ठेगाना, मोबाइल नम्बर, सम्पर्क ठेगाना राखी म्यासेज समेत पठाउन सकिने बैंकले व्यवस्था गरेको छ।

बैंकले सञ्चालनमा ल्याएको उक्त अनलाइन पोर्टलमा नियमित रुपमा बैंकिङ सम्पत्ति, गैरबैंकिङ सम्पत्ति तथा बैंकमा धितो सुरक्षण रही लिलामबिक्रीमा रहेको सम्पत्तिहरु र लिलामबिक्री सम्बन्धी अन्य सूचनाहरू प्रकाशित गर्ने हुँदा इच्छुक ग्राहकले अनलाइन पोर्टलको लिंकबाट विस्तृत विवरणहरूको जानकारी लिन सक्ने पनि बैंकले जानकारी दिएको छ।

## नेपाल एसबिआई बैंकका ग्राहकलाई र्‍याडिसन होटेलमा १५ प्रतिशत छुट

काठमाडौं। नेपाल एसबिआई बैंकका डेबिट कार्ड र मोबाइल बैंकिङ सेवा प्रयोगकर्ताहरूले र्‍याडिसन होटलमा छुट पाउने भएका छन्। बैंकका सम्पूर्ण डेबिट कार्ड र मोबाइल बैंकिङ सेवा प्रयोगकर्ताहरूले र्‍याडिसन होटेलमा १५ प्रतिशतसम्म छुट पाउने भएका हुन्।




बैंक र र्‍याडिसनहोटलबीच डेबिट कार्ड र मोबाइल बैंकिङ सेवा प्रयोगकर्ताहरुलाई लक्षित गरी खाध्य तथा पेय पदार्थमा १५ प्रतिशतसम्म छुट दिने सम्झौता भएको हो। सम्झौतापत्रमा बैंकका प्रमूख कार्यकारी अधिकृत (सीईओ) दीपक कूमार देको उपस्थितिमा प्रमुख संचालन अधिकृत विकास आनन्द र र्‍याडिसन होटेलका निर्देशक (खाध्य तथा पेय पदार्थ), केदार पाण्डेले आदानप्रदान गरेका थिए। हाल बैंकले १ सय शाखा कार्यालय, २२ एक्सटेन्सन काउण्टर, ७ प्रदेश कार्यालय, १९ शाखारहित बैंकिङ सेवा, १२१ एटीएम र १ कर्पोरेट कार्यालय मार्फत सेवा प्रदान गर्दै आएको छ।

## नेपाल बैंकर्स संघको अध्यक्षमा सन्तोष कोइराला निर्विरोध निर्वाचित

काठमाडौं। नेपाल बैंकर्स संघको अध्यक्षमा माछापुच्छे बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सन्तोष कोइराला निर्विरोध निर्वाचित भएका छन्। बुधबार सम्पन्न संघको वार्षिक साधारणसभाले उनलाई आगामी दुई वर्षका लागि अध्यक्षमा चयन गरेको हो। कोइराला यसअघि संघका उपाध्यक्षको भूमिकामा थिए। कोइरालासँगै ग्लोबल आइएमई बैंकका सीईओ सुरेन्द्र रेग्मी उपाध्यक्षमा निर्विरोध चुनिएका छन्। संघका तीन रिक्त सदस्य पदमा पनि निर्विरोध चयन भएको छ। एभरेष्ट बैंकका सीईओ सुदेश खालिङ सदस्यमा चयन भएका छन्।



अन्य दुई सदस्यमा नेपाल बैंकका सीईओ तीलकराज पाण्डे र कुमारी बैंकका सीईओ रामचन्द्र खनाल निर्वाचित भएका छन्। संघको नयाँ कार्यसमितिमा अध्यक्ष कोइराला, उपाध्यक्ष रेग्मी, निवर्तमान अध्यक्ष सुनिल केसी, सदस्यका रूपमा प्रभु बैंकका अशोक शेरचन, नेपाल एसबीआई बैंकका दीपककुमार डे, सानिमा बैंकका निश्चलराज पाण्डे, प्राइम कमर्सियल बैंकका सञ्जीव मानन्धर, एभरेष्ट बैंकका सुदेश खालिङ, सिद्धार्थ बैंकका सुन्दरप्रसाद कँडेल, कुमारी बैंकका रामचन्द्र खनाल, नेपाल बैंकका तीलकराज पाण्डे छन्। सल्लाहकारको भूमिकामा नबिल बैंकका सीईओ ज्ञानेन्द्र ढुंगाना र हिमालयन बैंकका सिईओ अशोक राणा रहेका छन्।






कौशलकुमार भट्टराई | कृष्ण लम्साल | पिएमणि भट्टराई | हरि शरण जमकटेल

प्रधान–सम्पादक / प्रकाशक : **कौशल कुमार भट्टराई (९८५११३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाताः आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजकः एस. भट्टराई
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुखः स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं, फोनः ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## सम्पादकीय....................

# कांग्रेसजनमा एकजुटको खाँचो

नेपालको सबैभन्दा ठूलो र हालको सत्तारुढ दल नेपाली कांग्रेस हो। २०४६ सालको राजनीतिक परिवर्तनपछि नेपालको मूल राजनीतिको मियो यही दलको वरिपरि घुम्ने गरेको छ। २०४६ सालमा पञ्चायती व्यवस्थाको अन्त्यका लागि नेतृत्व गरेको भएर पनि होला यो दललाई नेपालको प्रमुख लोकतान्त्रिक दल मानिन्छ। सोही कारण मतदाताले कांग्रेसका कि प्रमुख दल कि त प्रमुख प्रतिपक्षी दलको रुपमा निर्वाचित गराउँदै आएका छन्। कांग्रेसले पनि आफ्नो लोकतान्त्रिक चरित्रलाई कायम राखेर अन्य दलहरुलाई समेत सोही धारमा ल्याउने कार्य गर्दै आएको छ। कांग्रेसले लिएको सिद्धान्त अर्थात बहुदलीय लोकतान्त्रिक व्यवस्था विश्वव्यापी रुपमा स्थापित भएका कारण पनि नेपालमा कांग्रेसले सोही धारको नेतृत्व गर्दै आएको छ। अहिलेको सत्ता राजनीतिलाई हेर्ने हो भने कांग्रेस मुलुकको सबैभन्दा ठूलो दल बनेर पनि दोस्रो ठूलो दलसँग सत्ता साझेदारी गरेर बसेको छ। संविधान संशोधनको नारासहित कांग्रेसले दोस्रो ठूलो दल नेकपा (एमाले) लाई सरकारको नेतृत्व दिएर पनि कम्युनिष्ट भनाउँदाहरुको एकछत्र राज भएको अघिल्लो सरकारलाई विस्थापित गराउन सफल भएको छ। कांग्रेस मिसिएको मात्र भए पनि विश्वव्यापी रुपमा लोकतान्त्रिक छविको सरकार भन्ने मान्यता स्थापित हुने अवस्थालाई कायम राख्न अरुको नेतृत्वलाई स्वीकारेर पनि कांग्रेस सरकारमा सामेल भएको छ।

यसरी सत्ता र सरकारको वरिपरि फन्को लगाइरहेको कांग्रेस भित्र विभिन्न व्यक्तिहरुको स्वार्थी समूह पनि क्रियाशील देखिन्छ। हुन त लोकतन्त्रमा आफू वा आफ्नो नीति स्थापित गराउनका लागि नेताहरुले आफ्नो अनुकुलको समूह निर्माण गर्ने कार्यलाई सामान्य नै मान्ने गरिन्छ। कांग्रेस भित्र पनि विभिन्न नेताहरुले आफ्ना निकटका व्यक्तिहरुलाई एक ठाउँमा राखी विभिन्न समूहहरु बनाएका छन्। यसमा केही व्यक्तिहरुले आफ्नो समूहलाई अघि सार्दै आगामी महाधिवेशनमा नेतृत्व हत्याउनका लागि प्रयोग गर्दै आएका छन्। कांग्रेसको सभापतिमा शेरबहादुर देउवा छन्। उनी समग्र कांग्रेसको सभापति भएको अवस्थामा पनि उनले सभापति बन्नुभन्दा पहिले आफ्नो अनुकुलको समूहलाई क्रियाशील बनाउने गरेकाले उनले अहिले पनि उक्त समूहलाई चलायमान राखेको आरोप खेप्दै आउनु परेको छ। यसैगरी अघिल्लो पटक सभापतिमा प्रतिस्पर्धा गरेका शेखर कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधी लगायतले आफ्नो अनुकुलको समूहलाई अहिले पनि क्रियाशील राखेको अवस्था छ। यसैगरी कृष्णप्रसाद सिटौला, महामन्त्री गगनकुमार थापा लगायतले पनि आफ्नो अस्थित्व देखिने गरी समूह बनाएर हिंडेको अवस्था छ। यसैगरी विजयकुमार गच्छदारले पनि आफ्नो समूहलाई स्थापित गराउने प्रयास जारी राखेको अवस्था छ।

यसरी आफ्नो अनुकुलको वातावरण बनाउने नाममा विभिन्न नेताहरुले समूह बनाउनुलाई लोकतान्त्रिक चरित्र नै मानिने गरिए पनि कतिपय अवस्थामा यो हानिकारक देखिन्छ। स्थानीय वा संसदीय निर्वाचनको मुखमा आएर हुने गरेका महाधिवेशन वा जिल्ला वा प्रदेश अधिवेशनका बेलामा विभिन्न समूहमा विभाजित भै नेतृत्व हत्याउने प्रयासमा लाग्ने गर्दा पराजित हुने र विजयी हुनेका बीचमा मनमुटाव कायम रहन्छ। यस्तो अवस्थामा त्यो मनमुटावको असर लगत्तैको निर्वाचनमा पर्ने गर्दछ। त्यसैले कांग्रेसजनले यो समूहगत स्वार्थबाट आफूलाई मुक्त गर्न सक्नु उनीहरु, कांग्रेस र मुलुकका लागि पनि हितकर हुने देखिन्छ। व्यक्तिभन्दा दल माथि रहन्छ। यसैगरी दलभन्दा माथि मुलुक रहन्छ भन्ने कुरालाई ख्याल गरी सबैले पदका लागि मात्र राजनीति नगरी देश र जनताका लागि राजनीति गरेका खण्डमा मात्र त्यसले दीर्घकालिन रुपमा सही योगदान दिने देखिन्छ। आफू वा आफूलाई केन्द्रमा राखेर मात्र राजनीति गर्नका लागि विभिन्न समूहहरु जन्माउँदा त्यसले समग्रमा दललाई भने हानी गर्दछ। यो कुरा सबैले समयमै बुझ्नु आवश्यक छ।

# कहिले बन्छ 'जनताको सरकार, नेपाल सरकार' ?

**अश्विन दानी**

केही दिनअघि भारतीय प्रधानमन्त्रीका एकजना पूर्व निजी सुरक्षा अधिकारी लक्की विष्टले नेपाल सरकार एक महिनाभित्रै ढल्ने दाबी गरे। पूर्व 'रअ एजेन्ट' विष्टले नवभारत टाइम्ससँगको अन्तर्वार्तामा आफूसँग नेपालको सरकार ढल्ने सूचना रहेको दाबी गर्दै भनेका छन्, 'केही दिनपछि एउटा अर्को समाचार सुन्नुहुनेछ, नेपाल सरकार ढल्नेवाला छ। १० दिन १५ दिन भित्र खबर आउनेवाला छ कि फेरि सरकार ढल्दैछ। जुन दुई महिनाअघि बनेको थियो।'

त्यसो त नेपाल सरकारका वर्तमान नेतृत्व अर्थात् प्रधानमन्त्री केपी शर्मा ओली केही हप्ताअघि चीन भ्रमणमा गएर फर्किए लगत्तै सरकार ढल्छ भनेर निकै चर्चा हुन्थ्यो। ओली नेतृत्वको टोली चीन पुगे, फर्किए। फर्किएको पनि हप्तादिन बढि भइसक्यो। उनी चीन जाने तयारी गर्दागर्दै र नफर्किएसम्म ओली आउने वित्तिकै सरकार ढल्छ भनेर दाबी गर्नेहरु केही दिन यता चुपचाप थिए।

फेरि विष्टको अन्तरवार्ता सार्वजनिक भएसँगै पुनः सरकार ढल्दैछ भन्दै सामाजिक संजाल भर होहल्ला मच्चाई रहेका छन्। त्यो होहल्ला मच्चाउने को हुन ? राजनीतिक दलका नेता कार्यकर्ता ? नेताका आडमा सरकारलाई 'मौरिको चाका' जसरी निचोरेर स्वार्थसिद्धि गर्न पल्किएकाहरु ? सत्ताधारी बिचौलिया ?

अन्यथा, देशमा आफ्नो भविष्य सुनिश्चित नदेखेर विदेश पलायन हुनकै लागि पासपोर्ट बोकेर दलाललाई पैसा बुझाउन दौडिरहेका नेपालीलाई सरकार ढल्दा के चिन्ता ? संघर्षले थाकेर सडकका पेटीमा भोकभोकै दौडधूप गरिरहेका नेपालीलाई सरकार ढल्दा के को दुःख ? गरिबीकै कारण उपचार नपाएर मृत्युको पर्खाईमा बसेका नेपालीलाई सरकार ढल्दा के को पीडा ? अन्यायमा परेर न्याय माग्न जाँदा सत्ताको बतासबाट थप पीडित बनेपछि आँशु बगाउँदै हिँडेका नेपालीलाई सरकार ढल्दा के को ढाढस ? गरिब, असहाय, निमुखा अनि चाकडी गर्न नजान्ने नेपालीलाई सरकार ढल्दा अनि फेरिँदा के को खुशी ?

चर्को राजनीतिक अस्थिरता र उथलपुथलबाट पिल्सिएर सरकारप्रति अपनत्व भाव गुमाएका नेपालीलाई लागि सक्यो, 'जुन जोगी आए पनि कानै चिरेको।'खैर, आफूलाई पूर्व 'रअ एजेन्ट' बताउने विष्टले २ महिनाअघि बनेको नेपाल सरकार फेरि ढल्दैछ भनेका थिए। विष्टकै कुरालाई लिएर सामाजिक संजालमा होहल्ला मच्चाउने उनीहरु यस्ता छन्, कसैले 'कागले कान लग्यो' भन्दियो भने त्यो कागको पछाडि दौडिएर आफू 'खाल्डो' मा पर्दासम्म कान समाउँदैनन्। सायद उनीहरुलाई थाहा नहुन सक्छ! नेपालमा २ महिना अघि कुनै सरकार बनेको छैन। वर्तमान नेपाल सरकार बनेको मंसिर ३० गतेबाट ठ्याक्कै ६ मिहना पूरा भयो। नेपाली कांग्रेसको समर्थनमा एमालेका अध्यक्ष ओली गत असार ३० गते प्रधानमन्त्रीमा नियुक्त भएका थिए। निरन्तर सरकारको प्रधानमन्त्रीकै रुपमा छन्।

अब सोच्नुस्, ती विष्टको भनाई अनुसार २ महिनाअघि मात्रै बनेको र महिना दिन भित्रै ढल्नेवाला नेपाल सरकार कुन हो ?हुनसक्छ विष्टले अन्तरवार्ताका क्रममा वर्तमान नेपाल सरकार कहिले बनेको थियो ? त्यो मिति बिर्सिएका हुन्। अनि यो पनि हुनसक्छ, ओली नेतृत्वको सरकार महिना भित्रै ढल्दैछ। जे सुकै होस्। आम सर्वसाधरण नेपालीका निम्ती भने यो खबर 'कागलाई बेल पाक्यो, हर्ष न विस्मात्' भने जस्तै हो।

यस्तो भन्दै गर्दा देश र जनताले राजनीतिक स्थिरता खोजिरहेका छन्। त्यसको जगमा दिगो बिकास खोजेका छन्। धार्मिक, ऐतिहासिक र प्राकृतिक विविधताले विश्वकै नमूना देशको समुन्नत सम्बृद्धि खोजेका छन्। शान्ति अनि सुशासनको सुनिश्चितता खोजेका छन्। राष्ट्रप्रेमी, देशभक्ति र स्वाभिमानी 'भिजनरी' नेतृत्व खोजेका छन्। जनताप्रति जिम्मेवार, उत्तरदायी, जवाफदेही र पारदर्शी 'सरकार' खोजेका छन्।

नेपालीजनका यी चाहना 'आकाशको फल आँखा तरी मर' भनेजस्तै भएको छ। जनजिब्रोमा आउने गर्छ, 'एउटा राजा हटाएर सयौं राजा ल्यायौं।' आज नियाल्ने हो भने नेपाल र नेपालीका ऐतिहासिक, परम्परागत मूल्य-मान्यता, धर्म-संस्कृति, धराशायी बनाइँदैछ। देशको नक्सामा समेटिएको भूभागमा बस्ने नेपालीले खुलेर म नेपाली हुँ भन्न सक्ने अवस्था छैन। विज्ञान र नयाँ सम्यतासँगै आएका प्रविधिको दासत्व प्रवृत्तिका कारण समाजमा विकृति, विसंगतिसँगै नयाँ थुप्रै चुनौतीहरु देखा परेका छन्। पुराना पुस्ता सरकारको कार्यशैली देखेर वाक्कदिक्क छन्। नयाँ पुस्तालाई भरोसा नै छैन। राज्य, सत्ता र नेतृत्वप्रत्ति वितृष्णा बढ्दो छ। अन्याय, अत्याचार, भ्रष्टाचारको जालो मौलाउँदै छ।

समाज, देश, सत्ता र सरकारको नेतृत्व गर्नेहरु विधि, पद्धति, नियम, कानून र मर्यादाको उल्लंघन गर्दै हिँडिरहेका छन्। यसका कारण 'सानालाई ऐन, ठूलालाई चैन' भन्ने भाष्य स्थापित हुँदैछ। सर्वसाधरणले समान अधिकारको प्रत्याभूति गर्न पाएका छैनन्। जताततै नातावाद, कृपावाद र चाकडीप्रथाले नराम्रोसँग जरा गाडेको छ। अनुत्पादक क्षेत्रमा देशको लगानी बढि छ। टुक्रे योजनाले प्राथमिकता पाउँदैछ। सामाजिक हितका निम्ती हैन, सत्ताको नेतृत्व र तीनका आसेपासेका स्वार्थसिद्धिका लागि योजना विनियोजन गरिन्छ। त्यसको उचित कार्वान्वयन हुँदैन। विकासे योजनामा गुणस्तरीयताभन्दा बढि कमिसनको हिसाबकिताब चेकजाँच गरिन्छ।

एकातर्फ, देशमा स्वदेशी तथा विदेशी लगानी ल्याउनेतर्फ सरकारको ध्यान छैन। देशमा भएका उद्योग, कलकारखानाले नियमित पारदर्शी हिसाबले राजश्व बुझाउँदैनन्। उपयोग गरेको बिजुली तथा पानीको महशुल तिर्दैनन्। कम्पनी घाटामा देखाउँदै अकुत सम्पत्ति थुपारिरहेका छन्।

अर्कोतर्फ, नव उद्यमीहरुका निम्ती सरकारले सुरक्षाको सुनिश्चितता (ग्यारेन्टी) दिन सकेको छैन। सोझासाझा जनताले जेनतेन गरेर चलाउन शुरु गरेका कम्पनी र उद्योग कलकारखानाहरु राज्यको चर्को कर असुली धन्दाका कारण खण्डहर बन्दैछन्। सरकारले लगानीको ग्यारेन्टी दिने कुनै कार्यक्रम ल्याउँदैन्। अनुदान, सहुलियत पूर्ण कर्जा सामान्य नागरिकले पाउँदैनन्।

अझैपनि कतिपय जनताले उचित गुणस्तरीय उपचार हैन, सिटामोल मात्रै नपाएर ज्यान गुमाउनुपर्ने बाध्यता कायम नै छ। नेताको उपचारका निम्ती भने सरकारले करोडौं रकम खर्च गर्छ। हिजो जनताको जनजीवन फेर्ने सपना देखाएर चप्पल पट्काउँदै सत्तामा पुगेकाहरुको जीवनशैली आज लोभलाग्दो छ। गुणस्तरीय आधारभूत आवश्यकता हरेक नागरिकको पहुँचमा कागजमा मात्रै सीमित हुन पुगेको छ। कानून छ, कार्वान्वयन छैन। कार्वान्वयन हुन्छ, समानता हुन्न। समग्रमा भन्नुपर्दा देशको हालत सम्हाल्नै नसक्ने गरी बिग्रिँदैछ। यसतर्फ समयमै ध्यान पुऱ्याउन नसके राष्ट्रकवि लक्ष्मीप्रसाद देवकोटाले कवितामा 'नेपाली हामी रहौंला कहाँ नेपालै नरहे' भने जस्तै नहोला भन्न सकिन्न!

अहिलेसम्म आलोपालो प्रधानमन्त्री, मन्त्री बनेकाहरुलाई देशको यो कन्तविजोक हुँदा मनमा के लाग्छ ? त्यो मलाई थाहा छैन। मलाई यत्ति थाहा छ। थुप्रै निर्मला पन्तहरुले न्याय पाउन सकेका छैनन्। तुइन तरिरहँदा नदीमा बेपत्ता भएका दार्चुलाका जयसिंह धामीहरु अझै भेटिएका छैनन्। नारायणहिटी, मदन भण्डारी जस्ता हत्याकाण्ड 'रहस्यको गर्भ' मै छ। देशको अर्थतन्त्र रेमिट्यान्सले नै धानिरहँदा पनि विपिन जोशीहरुका अबस्था बेखबर छन्।

अन्ततः अर्काको देशमा आफ्नो रगत, पसिना अनि स्वाभिमान वेचेर धन अनि खुशी किन्न परदेश गएकाहरु 'कफनमा' फर्किन बाध्य छन्। उनीहरुका असह्य पीडा, रोदन, चित्कार अनि अन्तिम श्वास फेर्दा नेपालप्रतिको भावना सरकारले महसुश गर्न सकेको छैन।

मलाई यो पनि थाहा छ। आफू व्यवसायका कारण आर्थिक रूपमा डुबेका र त्यसका लागि सरकारी नीतिहरू दोषी रहेको भन्दै संसद भवन अगाडि आफैँलाई आगो लगाएर जलाएका प्रेम आचार्यहरुको गुनासो बुझ्न सकेको छैन। न त देशमा आफ्नो भविष्य नदेखेर जतिसक्दो छिटो स्वदेश छाड्न पाउँ भन्दै बालकुमारीमा प्रदर्शन गर्दागर्दै सरकारी गोली खाएर मृत्युवरण गरेका अछामका वीरेन्द्र शाह र दैलेखका सुजन रावतहरुको मनोकांक्षा सुन्न सकेको छैन।



यति लेख्दै गर्दा त्यसोभए देशमा विकास नै भएको छैन त ? भन्ने प्रश्न उब्जिन सक्छ। हो, विकास भएको छ। त्यति मात्रै जति समयमापन विकासक्रम अनुसार न्यूनतम नभई नहुने थियो।

समयसँगै देशमा थुप्रै राजनीतिक परिवर्तन भए। तन्त्र फेरियो। दल फेरिए। नेता फेरिए। सरकार ढल्यो। नयाँ सरकार बन्यो। प्रत्रानमन्त्री फेरिए। मन्त्री फेरिए। के देशमा कति तिनै राजनीतिक दलले देशमा 'तन्त्र' फेर्ने बेला देखाएका सपना जस्तै मुलुकको अवस्था फेरियो त ? चुनावअघि जनतासँग प्रतिबद्धता गरेजस्तै जितेपछि पटकपटक मन्त्री प्रधानमन्त्री अनि जनप्रतिनिधि बनेकाहरुले भनेजस्तै नयाँ व्यवस्थामा जनताको अबस्था फेरियो त ?

हो मलाई थाहा छ, यो देशमा पटकपटक सरकार ढल्यो, ढालियो। अनि, फेरियो। त्यो ढालेको व्यवस्था, ढालिएको सरकार अनि फेरिएका नेतृत्वले राष्ट्र, राष्ट्रियतासँगै आम नेपालीका निम्ती के गरे ?

सत्य, तथ्य अनि निष्पक्ष भएर सायदै यसको जवाफ कसैले दिन सक्ला !मलाई लाग्छ। यसको जवाफ हरेक नेपाली नागरिकले माग्नुपर्छ। देशको यो दुरावस्थामा हुँदासम्मको नैतिक जिम्मेवारी सबैले लिनुपर्छ किनकि प्रश्न गर्नेले उत्तर पनि दिन सक्नुपर्छ। फल प्राप्तीको चाहाना राख्नेले पसिना बगाउन सक्नुपर्छ। राष्ट्रले मलाई के दियो भनेर सोध्नेले देशका निम्ती मैले यो दिएँ भन्न सक्नुपर्छ। फलानो फलानोका कारण देश बिग्रियो भनेर गाली गर्नेले राष्ट्रहितका निम्ती योगदान गर्न तयार हुनुपर्छ।

अब आम नेपालीलाई के गुम्यो ? के बिग्रियो भनेर आरोपप्रत्यारोप मात्रै गरेर बस्ने छुट छैन। देशको दुरावस्थाका कारण निराश बनेर नेतालाई गाली गर्दैमा भाविपुस्ताको 'सराप' बाट उन्मुक्ति पाइँदैन। त्यसैले अब समस्त नेपालीले व्यवस्थालाई दोष दिन छाड्नुपर्छ। नेतालाई गाली गरेरै खुशी भइराख्ने प्रवृत्ति त्याग्नुपर्छ। वितृष्ण र नकारात्मक दृष्टिकोणलाई तिलाञ्जली दिनुपर्छ। सँगै शुरु गर्नुपर्नेछ, सम्बृद्ध राष्ट्र बनाउने अभियान ! जनताप्रति उत्तरदायी, जिम्मेवार, पारदर्शी, जवाफदेही, दूरदर्शी, भिजनरी, परिपक्क, राष्ट्रप्रेमी नेतृत्व बनाउने अभियान !

सायद, त्यसपछि बन्नेछ। आम नेपाली 'जनताको सरकार, नेपाल सरकार'।

*जय देश! जय नेपाल!*

# इसेवा महाउत्सव बम्पर उपहार विजेता घोषणा

काठमाडौं। इसेवाले चाडपर्वको अवसरमा ग्राहकलाई थप हर्सौल्लास प्रदान गर्ने उद्देश्यले आयोजना गरेको इसेवा महा-उत्सवको बम्पर उपहारको घोषणा गरेको छ। आज फेसबुक मार्फत लाइभ लक्की ड्रमा मकवानपुर निवासी रवि बम्जनले नामीको इलेक्ट्रिक कार जित्न सफल भएका छन्।

पुल्चोक, ललितपुर स्थित एलिस कन्फरेन्समा आज एक औपचारिक कार्यक्रमको आयोजना गरी बम्पर उपहार विजेताको घोषणा गरिएको हो। इसेवाका कार्यकारी अधिकृतहरु, प्रेस प्रतिनिधि, सेलिब्रिटीहरू र कन्टेन्ट क्रियटरहरूको उपस्थितिमा फेसबुक लाइभ मार्फत इसेवा महा-उत्सवको बम्पर उपहार विजेता छनौट गरेको हो।

सदीक्षा श्रेष्ठद्वारा उद्घोषित कार्यक्रम इसेवाका ब्राण्ड प्रवर्द्धकको रुपमा रहेका नेपाली क्रिकेट टोलीका कप्तान रोहित कुमार पौडेल, राष्ट्रिय ब्याडमिन्टन खेलाडी प्रिन्स दाहाल, तथा हाँस्यव्यङ्ग्य कलाकार सुमन कार्कीको प्रमुख अतिथ्यमा सम्पन्न भएको थियो।

२०८१ साल आश्विन १ देखि कार्तिक ३० गते सम्म चलेको इसेवा महा-उत्सव नेपालीहरुको महान चाड दशैं, तिहार तथा छठ पर्वको अवसरमा प्रयोगकर्ताहरुमा थप उत्साह प्रदान गर्ने उद्देश्यले आयोजना गरिएको थियो।




यस महा-उत्सवमा दैनिक फ्ल्यास सेल, रील प्रतियोगिता देखि ६५ इन्चको टिभी, iphone 16, iphone 16 pro जस्ता मेगा उपहारहरुका साथै बम्परमा नामीको इलेक्ट्रिक कार जित्ने मौका पनि समावेश थियो।

इसेवा महा-उत्सवमा सहभागी भई नामी कार जित्नका लागि इसेवा मार्फत आश्विन १ देखि कार्तिक ३० भित्र कुनै पनि कारोबार गर्नुपर्ने थियो भने यसैगरी, रु. १०० को खेल खेल्ने प्रयोगकर्ताहरूलाई ष्उजयलभ ज्ञट जित्ने मौका र बिजुली बिल, खानेपानी, टिभी, आदि जस्ता घरायसी बिल भुक्तानी गर्दा ६५ इन्चको टिभी जित्न मौका थियो।

इसेवा महा-उत्सवको अधिकांश विजेताहरूको घोषणा इसेवाको फेसबुक पेजमा फेसबुक लाइभ मार्फत भइसेको छ भने बाँकी पुरस्कार विजेताहरु पनि फेसबुक लाइभ मार्फत नै चयन गरिनेछ।

सरोज कुमार पाण्डे र अविन गुरूअचार्यले रु. १०० को खेलमा iPhone 16 जित्न सफल भएका थिए भने अनिल चालिसे, दिपक महतो र अनिल सिंहले इसेवा टिकटक प्रतियोगितामा सहभागी भई क्रमशः रु. ५०,०००, रु. २५,००० र रु. १५,००० हात पारेका थिए।

नामी कार जित्न सफल विजेता रवि बम्जनलाई बधाई दिँदै इसेवाका प्रमुख रणनीतिक अधिकारी रवि शाक्यले सम्पूर्ण प्रयोगकर्ता, साझेदार, प्रेस, र इसेवा टिमलाई यस महाउत्सवलाई सफल बनाउन सहयोग गरेकोमा कृतज्ञता व्यक्त गरे।

सोही कार्यक्रमको क्रममा उनले भने, " इसेवा महा-उत्सवमा प्रयोगकर्ताहरुको संलग्नता र साझेदारहरुको प्रतिक्रिया अत्याधिक उत्साहजनक रहेकोले हामीलाई थप उर्जा प्रदान गरेको छ। इसेवाको मूल लक्ष्य भनेको नेपाली समाजमा रहेको वित्तीय समस्या र चुनौतीहरूको समाधान गर्नु हो र यसका लागि हामी सधैं नवप्रवर्तनहरूमा काम गर्दै जानेछौं। साथै प्रत्येक नेपालीलाई आफ्नो वित्तीय आवश्यकता पुरा गर्न डिजिटल समाधानको माध्यमबाट प्रोत्साहित गर्न थप प्रेरित गर्न लागि रहनेछौं। इसेवाको साथ हामी सबै मिलेर एक उज्जवल र सुरक्षित वित्तीय भविष्यतर्फ अघि बढिरहेका छौं, जसले हाम्रो जीवनलाई थप सहज र समृद्ध बनाउनेछ। "

# निक्षेपकर्ताको ६० खर्ब निक्षेप सुरक्षित छैन

**डा. युवराज खतिवडा**

सहकारी आफैमा अर्थ-सामाजिक व्यवस्थाको एउटा अंग हो। अहिले धेरैले सहकारी क्षेत्र समस्यामा पऱ्यो भनेर हल्ला गरिरहेका छन् तर सहकारी क्षेत्र हल्ला भएजति बिग्रिएको छैन। अर्थतन्त्र पनि सुधारको बाटोमा छ। चालु आर्थिक वर्षमा अर्थतन्त्रमा अपेक्षाकृत नभए पनि केही सुधार भएकै हो। अर्थतन्त्र सही दिशामा छ। अर्थतन्त्रका केही सूचकहरू सन्तोषजनक नै छन्। विगतमा सहकारीलाई समस्यामा पार्ने बैंकिङ क्षेत्रको तरलताको समस्या अहिले समाधान भएको छ। त्यो भनेको सहकारीहरू समस्याउन्मुख छन् भन्ने भाष्य अब भनिराख्न आवश्यक छैन। समस्यामा छन् भन्नु ठीक हो। तर, सबै सहकारी संस्थाहरू समस्यामा छैनन्। बचत तथा ऋण सहकारी संस्था र बैंक वित्तीय संस्थाको गहिरो सम्बन्ध हुने भएकोले बैंकिङ क्षेत्रको सकारात्मक तथा नकारात्मक प्रभाव सहकारीमा पनि पर्छ। अब बैंकिङ क्षेत्रबाट सहकारीमा समस्या पर्ने अवस्था छैन। अहिले बैंकिङ क्षेत्रको स्रोत ल्याएर उत्पादन क्षेत्रमा लगानी गर्ने अवसर भएको छ। किनभने अहिले बैंकिङ क्षेत्रले निक्षेपकर्तालाई अप्ठ्यारो पारिरहेको छ।

अहिले बैंकिङ क्षेत्रमा ६० खर्ब रुपैयाँ निक्षेप छ। ब्याज औसत ५ प्रतिशत बिन्दुले घटेको छ। अहिले बैंकमा निक्षेप राखेका निक्षेपकर्ताको ३ खर्ब रुपैयाँ आम्दानी घटेको छ। अब निक्षेपको उपयोग कसरी गर्ने भनेर बचतकर्ताले सोच्न थालेका छन्। राम्रा सहकारीमा बचत राखेर राम्रो आम्दानी आउँछ भने किन नराख्ने भन्ने अवस्थामा बैंकका निक्षेपकर्ता पुगेका छन्। त्यो सोचको विकास हुँदैछ। तर, उहाँहरूले सहकारीमा जोखिम पनि देख्नु भएको छ। उहाँहरूको जोखिम निवारण हुने र त्यो अवसरलाई सहकारी क्षेत्रले उपयोग गर्न सकियो भने राम्रो लाभ पाउन सकिन्छ।

पछिल्लो समय पर्यटन र कृषि क्षेत्र चलायमान हुँदैछ। कृषिमा पनि हामी आत्मनिर्भर हुने अवस्थामा छौं। अबको चार/पाँच वर्षमा कृषिको केही वस्तुमा हामी आत्मभिर्नर हुने किसिमले काम भइरहेको छ। प्रशोधन तथा वितरणमा संलग्न सहकारी पनि राम्रैसँग चलिरहेका छन्।। केही संस्था बिग्रिएको भएपनि बचत तथा ऋणको कारोबार गर्ने अधिकांश सहकारी संस्था राम्रा छन्। अब सहकारीलाई अन्य ठाउँबाट अप्ठ्यारो पर्न सक्ने सम्भावना न्यून छ। अब पनि अप्ठ्यारो अवस्था सिर्जना भयो भने सहकारीका सञ्चालक र सहकारीको शुसासन नभएको खण्डमा हुन सक्छ। हामीले वित्तीय व्यवस्थापन तथा अनुशासन पालना नगरेको खण्डमा हुन्छ। अहिले सहकारीमा दुई किसिमको धारणा विकास भइरहेको छ। एउटा, सबै सहकारी समस्यामा छैनन्। सबै सहकारीमा बिकृति छैन। अर्को, सहकारी अभियान बिग्रियो, अब त्यसमा संकुचित नियमन आवश्यक छ, भन्ने भ्रम फैलिँदैछ। तर, त्यसमा सानो समूह छ, त्यही समूहले ठूलो आवाज निकालिरहेको अवस्था छ। त्यसले समग्र अभियान गलत छ भन्ने दुष्प्रयास गरिरहेको छ। यो जोखिम सहकारी अभियानलाई अझै पनि छ।

वित्तीय प्रणालीमा शतप्रतिशत वित्तीय संस्था ठीक हुँदैनन्। अधिकांश संस्थाहरू ठीक छन्। हामी सुशासनमै चलेका छौं। बिग्रिएको सहकारीलाई पनि सुधार गर्छौं भन्ने विश्वास दिलाउन सक्नुपर्छ। त्यसलाई चिर्नको लागि सञ्चारमाध्यमको पनि भूमिका हुनुपर्छ। अहिलेको यो भ्रम चिर्न आवश्यक छ। समग्रमा सहकारीप्रतिको धारणा बदलिँदै गएको छ। सबै सहकारी गलत रहेनछन्, जसले गलत गर्छ ऊ कारवाहीको भागेदार पनि बन्छ भन्ने कुरा सबैले बुझ्दै गएका छन्। त्यसैले दण्डहीनताको अवस्था होइन। हामीलाई सुशासनमा बस्नुपर्ने र प्रणालीप्रतिको विश्वास गर्न पनि दबाब सिर्जना भएको छ।

अहिले चलिरहेको अर्को चर्चा भनेको सहकारी ऐनको संशोधन हो। सहकारीमा हामीले स्वनियमनलाई अगाडि बढायौं। तर, स्वनियमन भएन, नियमनकारी प्रणाली पनि गतिलो भएन, कारवाही प्रक्रिया पनि प्रभावकारी भएन र समस्याग्रस्त सहकारीको समस्या समाधानका लागि पनि नतिजामुखी काम भएन र असीमित कारोबार गर्ने संस्थालाई कसरी व्यवस्थित गर्ने भन्ने विषयको कोणबाट सहकारीको ऐनको संशोधनको बहस भइरहेको छ। त्यसको मस्यौदाको तयारी पनि भइरहेको छ। यस विषयमा थप बहस आवश्यक छ।

अहिलेको समस्या भनेको बचतकर्ताको बचत फिर्ता हो। पाँच लाख रुपैयाँसम्मको बचत फिर्ता गर्ने भन्ने कुरा चर्चामा छ। बचत फिर्ता भनेको सरकारले चेक काटेर दिने होइन। म अर्थमन्त्री भएको भए दिने थिइनँ। तपाईंले आफ्नै बचतकर्ताको बचत राख्नु भएको हो। अनि, कसरी तपाईंको पैसा सरकारले तिरिदिन्छ ? बचत तपाईंको घर हो। आफ्नो घरको व्यवस्थापन नगर्ने अनि छिमेकीलाई सहयोग गरिदिनु भनेर हुँदैन। सरकारले पाँच लाख रुपैयाँ बचत फिर्ता गर्छ भन्ने होइन। पाँच लाख रुपैयाँ बचत फिर्ता गर्ने भनेको संस्थाको सम्पत्ति लिलाम गरेर हो। सम्पत्ति बिक्री गरेर हो। फाष्टट्र्याकबाट काम गर्ने भन्ने हो। अन्य निकायबाट आकर्षित नहोस् भन्नका लागि सरकारले नै फाष्टट्र्याकमा बचत फिर्ता गर्नका लागि यो नीति ल्याएको हो।

पाँच लाख मात्रै किन ? ६ लाख रुपैयाँ बचत गर्नेको बचत होइन ? उसले पनि मकै बिक्री गरेर ज्याला गरेर बचत गरेको हो। यो प्रश्न पनि महत्त्वपूर्ण छ। यसमा पनि मुद्दती खातामा राखेकोले सुरुमा पाउँदैन। सुरुमा बचत खाता भएकोले नै पाउने हो। सहकारी तथा सञ्चालकको सम्पत्तिले धानेसम्म विस्तारै बचतको सीमा अनुसार बचत फिर्ता गर्दै जाने हो। तर, बचत फिर्ताका लागि एउटा निकाय चाहिन्छ। त्यो संस्थाको स्थापना गरेर यो काम तीव्ररूपमा अगाडि बढाउनुपर्छ। अर्को विषय भनेको तेस्रो पार्टी धितो राखेर ऋण लिने विषय। मैले कुनै प्रारम्भिक संस्थामा धितो राखेर ऋण लिएँ। मैले ऋण तिरिसकें तर प्रारम्भिक संस्थाले कुनै बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर मेरो धितो राख्छ अनि म चाहिं फँसेको फँस्यै हुन्छु। यो विषयलाई कसरी समाधान गर्ने भन्ने विषय पनि मुख्य छ।

टाउको दुख्यो भने घाँटी काटेर फाल्ने कुरा हुँदैन। 'थर्ड पार्टी कोल्याटर' भनेको मान्यता प्राप्त वित्तीय उपकरण हो। मैले सहकारी विभागका रजिष्ट्रारसँग पनि छफल गरेको छु। व्यक्तिले प्रारम्भिक संस्थाबाट लिएको ऋण तिरिसकेको छ भने उसको धितो फरफार गर्नुपर्छ। धितो नहुनेले कारोबार नै गर्न नपाउने स्थिति बन्यो। यसले सहकारीलाई उल्टो चक्रमा लाने डर हुन्छ। कारोबार, बचत तथा पुँजीको सीमाको कुरा पनि आइरहेको छ। बैंकिङ क्षेत्रमा पुँजीको हिसाबले वित्तीय संस्थाको वर्गीकरण भएको छ। पुँजीको हिसाबले वर्गीकरण गर्नु ठीकै होला तर सहकारीमा बचत र कारोबारको सीमा तोक्नु राम्रो हुँदैन।

एक करोड रुपैयाँको बचत गर्नेले माथिल्लो निकायले हेर्न भन्नेवित्तिकै एक करोड एक लाख रुपैयाँ बचत राख्नेलाई माथि हस्तान्तरण गर्दै जानुपर्ने हुन सक्छ। वि.सं २०५८ सालमा बैंकिङ क्षेत्रमा एउटा यस्तो अभ्यास गर्न थालिएको थियो 'क' वर्गको पुँजी क्षय भयो भने 'ख' मा झार्ने, ख वर्गको पुँजी क्षय भयो भने 'ग' मा झार्ने जस्तो व्यवस्था गर्न लागिएको थियो। तर, हामीले त्यसलाई रोक्यौं। यो कक्षा घट्ने कुरा राम्रो होइन, बढ्नु राम्रो हो तर घट्नु राम्रो होइन। पुँजीको आधारमा घट्ने र बढ्ने ठीक होला तर कारोबार र बचतको आधारमा यस्तो व्यवस्था गर्नु हुँदैन। बचतको सीमा पुँजीले धान्न सक्ने हुनुपर्छ। बचत संकलन पुँजीको १० गुणा संकलन गर्यो भने सीमा तोक्नै पर्दैन। अब बन्ने कानुनमा पुँजीको अनुपात, पुँजीको लगानी र लगानीका क्षेत्रहरु तोकिनुपर्छ। धितो लिलाममा पनि धेरै दाबी गरिन्छ। यसमा बैंकको अधिकार पहिलो कि सहकारीको भन्ने कुरा पनि आइरहेको छ। यस विषयमा पनि छलफल आवश्यक छ। एउटै धितो दुई/तीन ठाउँमा राखेको विषय पनि चर्चामा आइरहेको छ।

सहकारीमा कर्जा सूचना केन्द्रको पनि चर्चा छ। तर, म त्यसलाई कर्जा सूचना केन्द्र भन्दा पनि 'ऋण सूचना केन्द्र' भनौं भन्छु। कर्जा भनेको बैंकिङको र ऋण भनेको सहकारीको हो। अहिले केही समयको लागि कर्जा भएपनि दीर्घकालीनका लागि ऋण सूचना केन्द्र नै उत्तम हो। कुनै सहकारीवालाले बैंकबाट ऋण लिएको छ कि छैन र बैंकवालाले सहकारीबट ऋण लिएको छकि छैन भन्ने कुराको जानकारी त्यही ऋण सूचना केन्द्रले दिन्छ। तर, ती दुई संस्थाबीच समन्वय भने जरुरी पर्छ। कर्जा तथा निक्षेप सुरक्षण कोषलाई अहिले बचत बीमा गर्न दिने कुरा पनि आइरहेको छ। १४/१५ अर्बको संस्थाले १२ खर्बको दायित्व अहिले नै बोकेर बसेको छ। त्यो दायित्वमा सहकारी संस्थाको पनि दायित्व थपिँदा कस्तो होला ? हामी आफैं मनन् गरौं। बचत सुरक्षणको व्यवस्था सहकारीबाटै हुनुपर्छ। अन्य क्षेत्रले प्रयोग गर्ने बाटो सहकारीले प्रयोग गर्यो भने सहकारीको स्वनियमनको कुरा झिकिदिए हुन्छ।

अर्को महत्वपूर्ण कुरा नियमनको पनि छ। राष्ट्र बैंकको नियमनमा आउँदा के हुँदो रहेछ भन्ने कुराको ज्वलन्त उदाहरण राष्ट्रिय सहकारी बैंक छ, यसबाट पनि सहकारीले धेरै पाठ सिक्न आवश्यक छ। यसबाट अब पनि चेत्नु भएन भने मेरो भन्नु केही छैन। अहिले राष्ट्र बैंकको नियमनमा रहेको बैंकिङ सुरक्षित छैन। बचतकर्ताको ६० खर्ब सुरक्षित छैन। त्यहाँ कठोर कदमहरु चाल्नु परेको छ। गभर्नरहरु राजनीतिक व्यक्ति नभएको कारण संस्था टिकिरहेका छन्। तर, तपाईंहरु राजनीतिक व्यक्तित्व हुनुहुन्छ। राजनीतिक गर्ने मान्छे नियामक बन्न सक्दैन। नियामक भनेको उसले नियमन बाहेक अरु केही पनि देख्दैन। वित्तीय क्षेत्रको पोलिसिङ गर्छ उसले। त्यसैले राष्ट्र बैंकलाई हामीले सहकारीमा तान्यौं भने सहकारी अभियानका धेरै कुराहरु कुण्ठित हुन्छन्। राष्ट्र बैंकको नियमनमा वित्तीय प्रणाली राख्नु हुँदैन भन्ने होइन। तर, त्यो भन्दा राम्रो र स्वनिर्देशितमा चल्ने प्रणाली हामीले खोजेका हौं। राष्ट्र बैंकको मोह छोड्नुस्, त्यो भन्दा राम्रो हामी बनाउँछौं। राष्ट्र बैंकका पनि



कतिपय कर्जा लगानी ठीक छैनन्। प्रतिस्पर्धा गर्ने ठाउँमा सरेन्डर गर्नु राम्रो होइन। यो अभियानलाई भोलि समस्या पर्छ।

सहकारीको बचतकर्ताको बचत सहकारी संस्थाले नै डुबाएको हो। त्यसलाई निकाल्ने दायित्व र जिम्मेवारी पनि सदस्यकै हो। बचत फिर्ता पाइँदैन भने बचतलाई सेयरमा रुपान्तरण गर्नुस्, नेतृत्व परिवर्तन गर्नुस्। सञ्चालक समिति फेर्नुस्। विकास गर्नुस्। संस्थालाई बलियो बनाएर चलाउनुस्। बाह्य समाधान खोज्नतर्फ नलाग्नुस्। सहकारीमा आफ्नो पैसा नभएर धेरैलाई चिन्ता नभएको हो। चिन्ता भएकाहरु समाधानको बाटो खोजिरहेका छन्।

सहकारी अभियानमा जे पनि गर्नुपर्छ भन्ने भाष्य छोडौं। कुनै एउटा देशले क्रिप्टोकरेन्सीमा लगानी गरेर धेरै कमायो। तर, नेपालमा अवैधानिक छ। हामी अन्य मुलुकले गरेका छन् भनेर त्यसैमा लाग्ने होइन, त्यो पनि वित्तीय कारोबार नै त होनि भनेर नलागौं। देशले निर्देशित गरेका नीति कानुनहरुको पालना गरेर काम गर्ने हो। सोही क्षेत्रमा लगानी गर्ने हो। बचत तथा ऋण सहकारीका सञ्चालक सजग बन्नुपर्छ। घरजग्गा क्षेत्रमा बढी लगानी गर्नाले समस्या सिर्जना भएको हो। यो समस्या बैंकिङ क्षेत्रमा पनि छ। अब यसलाई समाधान गर्दै जानुपर्छ। र, उत्पादनमा लगानी गर्न तर्फ जानुपर्छ। उत्पादनमा लगानी बढाएनौं भने कुनै पनि वित्तीय प्रणाली टिक्दैन। त्यसतर्फ हामीले सोच्न आवश्यक छ।

सहकारी प्रबर्द्दन कोषको व्यवस्थापन र स्रोत परिचालनमा सरकार र सहकारीको भूमिकाको विषयमा पनि छलफल हुन आवश्यक छ। तर, त्यो कोष पारदर्शी र स्वच्छ बन्नुपर्छ। कोष परिचालनमा सुशासन आवश्यक छ। आन्तरिक लेखा परीक्षण तथा सुशासन महत्वपूर्ण हन्छ। लेखा परीक्षकले पनि पेशागत धर्म छोड्नु हुँदैन। अमेरिका, शिलिकन भ्यालीका बैंकहरु किन कोल्याप्स भए भन्दा अडिटरले आफ्नो पेशागत धर्म छाडेर नै हो। संस्थाले पनि आन्तरिक लेखा प्रणाली व्यवस्थित बनाउनुपर्छ। अन्य कुरामा जथाभावी खर्च गर्ने र अडिटरलाई केही पैसा दिएर कुरा मिलाउने प्रवृतिले कसैको भलो हुँदैन।

*(राष्ट्रिय सहकारी महासंघ नेपालले मंगलबार काठमाडौंमा आयोजना गरेको सहकारी सुशासन प्रबर्द्दन सम्बन्धि प्रादेशिक अभिमुखिकरण कार्यक्रममा प्रमुख वक्ता रहेका पूर्वअर्थमन्त्री खतिवडाले राखेको विचार।)*


## विदेशीमा रहेका विद्यार्थीका अभिभावकलाई जानकारी

**तपाईका सन्तान विदेशमा पढ्दैछन् ?**
**तपाईका सन्तान विदेशमा पढ्न जाँदैछन् ?**
**तपाई आफ्ना सन्तानलाई विदेशमा पढाउन लागि रहनु भएको छ ?**

यदि माथिको कुनै पनि अवस्थामा तपाईहरु हुनुहुन्छ भने नेपालमा रहेका आमाबुबा वा अभिभावकका लागि भनी नेपालमा संस्था (मुनाफा वितरण नगर्ने कम्पनी) खोलिएको छ। तपाईहरु पनि जोडिएर सहकार्य गर्न सक्नुहुनेछ। त्यसका लागि

**सम्पर्क नं.९८१८६७००८८ (अध्यक्ष)**

**इन्टरनेशनल स्टुडेन्स प्यारेन्ट वेलफेयर सेन्टर नेपाल**

**काठमाडौं–११, बबरमहल**


## सिटी एक्सप्रेस मनि ट्रान्सफर र दुबईको जोयालुकास एक्सचेन्जबीच रेमिटान्स सम्झौता

काठमाडौं। दुबईको ख्यातिप्राप्त जोयालुकास एक्सचेन्ज र सिटी एक्सप्रेस मनि ट्रान्सफरबीच रेमिटान्स कारोबार सुरु भएको छ। दुबईमा रहेका नेपालीहरुले

CITY EXPRESS
MONEY TRANSFER

जोयालुकास एक्सचेन्जको सेवा प्रयोग गरी सिटी एक्सप्रेस मार्फत सजिलै आफ्नो आफन्तलाई नेपालमा पैसा पठाउन सक्नेछन्।

नेपालमा सिटी एक्सप्रेससँग आबद्ध २५,००० भन्दा बढि एजेन्टहरुबाट सजिलै भुक्तानी लिन सकिन्छ र नेपालको जुन सुकै बैंकको खातामा पनि रकम जम्मा अथवा मोबाईल वालेटमा लोड गर्न सकिन्छ।

यस सम्झौताका आधारमा बैदेशिक रोजगारीमा रहेका नेपाली दाजुभाई तथा दिदीबहिनीहरुलाई सहज र गुणस्तरिय बिप्रेषण सेवा प्रदान हुने बिश्वास लिन सकिन्छ। सिटी एक्सप्रेस मनि ट्रान्सफरले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १८ वर्ष देखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ। हालै सिटी एक्सप्रेस मनि ट्रान्सफरले सिटी पे वालेट मार्फत अनलाइन भुक्तानीको सेवा सुचारु गरेको छ साथै सिटी पे बाट रेमिटेन्स भुक्तानी पनि गर्न सकिन्छ।

## सानिमा बैंक र एनसीएचएलबीच सम्झौता

काठमाडौं। सानिमा बैंकले नेपाल क्लियरिङ हाउस लिमिटेडसँग अलिपे प्लस नेटवर्क प्रयोगकर्ताहरुलाई सहज रुपमा अन्तरदेशीय क्युआर भुक्तानी गर्न सम्झौता गरेको छ। यस सम्झौता अन्तर्गत, चीन, हङ्कङ्ग, सिंगापुर, मलेसिया, इन्डोनेसिया, फिलिपिन्स, मङ्गोलिया, थाईल्याण्ड, दक्षिण कोरिया, स्वीडेन




तथा इटली लगायतका देशहरुबाट नेपाल आएका पर्यटकहरु र एलिपे प्लस प्रयोगकर्ताहरुले डोमेस्टिक वालेट मार्फत नेपालमा रहेका नेपाल पे क्युआर तथा यसका इन्टरपेरेबल क्युआरमा सजिलै भुक्तानी गर्न सक्नेछन्।

उक्त सम्झौता पत्रमा सानिमा बैंकका तर्फबाट प्रमुख निक्षेप अधिकृत हेमराज संज्याल र नेपाल क्लियरिङ हाउसका तर्फबाट प्रमुख कार्यकारी अधिकृत निलेश मान सिंह प्रधानले हस्ताक्षर गरे। सानिमा बैंकको नेपाल क्लियरिङ हाउससंगको यस सहकार्यले नेपालमा पर्यटकहरुलाई सहज र सुरक्षित डिजिटल भुक्तानीको प्रर्वद्धन गर्ने उद्देश्य रहेको छ।

## लक्ष्मी सनराइजको साधारण सभा आव्हान

काठमाडौं। लक्ष्मी सनराइज बैंक लिमिटेडले गत आर्थिक वर्षको मुनाफाबाट सेयरधनीहरूलाई वितरण गर्ने घोषणा गरेको लाभांश प्रस्ताव पारित गर्न साधारण सभा बोलाएको छ। बैंकले पुस २४ गते कमलपोखरी, काठमाडौंमा २४ औं वार्षिक साधारण सभा बोलाएको हो। सो सभा बिहान ११ बजे सुरु हुनेछ।

सभाले हाल कायम चुक्ता पूँजीको ५ प्रतिशत बोनस सेयर र सोको कर प्रयोजनार्थ ०.२६ प्रतिशत नगद लाभांश वितरण गर्ने विशेष प्रस्ताव पारित गर्नेछ। त्यसैगरी, सभाले प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने, सञ्चालक समितिमा संस्थापक शेयरधनी समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालक नियुक्ति स्वीकृत गर्ने, लेखापरीक्षक नियुक्त गर्ने लगायतका प्रस्तावहरु पनि पारित गर्नेछ।

साधारण सभा तथा लाभांश वितरण प्रयोजनार्थ बैंकले पुस १७ गते एक

Laxmi Sunrise

दिनका लागि बुकक्लोज गर्ने भएको छ। यस अनुसार पुस १६ गतेसम्म नेप्सेमा कारोबार भइ कायम सेयरधनीहरूले बैंकको साधारण सभामा सहभागिता जनाउन तथा बैंकले वितरण गर्ने लाभांश प्राप्त गर्न सक्नेछन्।

## मुक्तिनाथ विकास बैंकले लाभांश नदिने

काठमाडौं। मुक्तिनाथ विकास बैंकले यस वर्ष सेयरधनीहरूलाई लाभांश नदिने भएको छ। संस्थाको पुष १ गते बसेको सञ्चालक समितिको बैठकले आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट सेयरधनीलाई कुनै पनि लाभांश वितरण नगर्ने निर्णय गरेको हो। योसँगै सेयरधनीको हात खाली हुने भएको छ।

बैठकले गत आर्थिक वर्षको वितरणयोग्य मुनाफालाई लाभांश वितरण नगरी सञ्चित मुनाफा खातामा राख्ने निर्णय बैंकले गरेको छ। अब सोहीअनुसारको वित्तीय विवरण प्रकाशन गर्नका लागि नेपाल राष्ट्र बैंकसमक्ष पेस गरिने बैंकले जनाएको छ।

मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED

राष्ट्र बैंकबाट स्वीकृत भएपछि आगामी वार्षिक साधारणसभाबाट उक्त वित्तीय विवरण स्वीकृतिका लागि लैजाने बैंकले निर्णय गरेको छ।

# पत्रकार पराजित भएको महासंघको निर्वाचन

**जन्मदेव जैसी**

वर्तमान नेतृत्वले महासंघको सुधारको पक्षमा कदम चाल्ने साहस गर्ने हो भने हातेमालो गर्न हामी तयार छौं। अन्यथा दलगत र कर्पोरेट स्वार्थमा अल्भि्कर थिलथिलो भएको महासंघ विघटनमा जाने निश्चित छ। स्थितिमा सुधार नगर्ने हो भने क्रियाशील, श्रमजीवी पत्रकारहरुले एकीकृत महासंघलाई मतदान गर्ने यो अन्तिम पटक हुनेछ। श्रमजीवी क्रियाशील पत्रकारहरुको हितमा काम गर्ने दलगत र कर्पोरेटको छायाबाट मुक्त अर्कै महासंघ निर्माण गर्न बाध्य हुने अवस्था सिर्जना हुन पनि सक्छ।

नेपाल पत्रकार महासंघले विगतका दिनमा पत्रकारहरूको हकहितको संरक्षण र पत्रकारिताको स्वतन्त्रताको लागि महत्वपूर्ण भूमिका खेलेको इतिहास छ। तर, पछिल्लो निर्वाचनले महासंघभित्रको नेतृत्वमा देखिएको निरिहता, कर्पोरेट, दलीय हस्तक्षेप र स्वार्थपूर्ण राजनीति झल्किएको छ। चुनावी प्रक्रियादेखि उम्मेदवार चयन अनि परिणामसम्म आउँदा महासंघको गरिमा थप खस्काएको मात्र छैन, पत्रकारहरूलाई नै पराजित बनाएको अनुभूति दिएको छ।

नेपाल पत्रकार महासंघको निर्वाचनसँग जोडिएका पछिल्ला घटनाक्रमले महासंघको स्वायत्तता र उद्देश्यमा गम्भीर प्रश्न उठाएकै छ। खासगरी महासंघको उम्मेदवार चयन प्रक्रियामा दलहरूको प्रत्यक्ष हस्तक्षेपले पत्रकारिता क्षेत्रलाई पूरै प्रभाव पारेको छ।

बालुवाटारमा बसेर प्रत्यक्ष रुपमा उम्मेदवार चयन गरिएको दिन नै महासंघको स्वायत्ततालाई दलहरूको कब्जामा सुम्पिएको आभास भयो। माओवादी केन्द्रका अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र एमाले अध्यक्ष केपी शर्मा ओलीको सहमतिमा निर्मला शर्मालाई महासंघको अध्यक्ष बनाउने पहिला निर्णय भयो। यस निर्णय प्रक्रियामा महासंघको स्वायत्तता लत्याइएको मात्र थिएन, श्रमजीवी क्रियाशील पत्रकारहरूको विश्वास र आत्मसम्मानलाई गम्भीर धक्का पु-याएको थियो। माओवादी सरकारबाट हटेपछि प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका अध्यक्ष शेरबहादुर देउवाको सहमतिमा बालुवाटारमा बसेर निर्मला शर्मालाई नै अध्यक्षको उम्मेदवार बनाइयो। माओवादी निकट पत्रकारहरुले पहिला पाएको हिस्सा कांग्रेस निकट पत्रकारहरुलाई दिइयो। दलका शीर्ष नेताहरु र दल निकट प्रेस संगठन, जसले यस क्षेत्रको कर्मबाट वर्षौं अगाडि सन्यास लिइसकेका छन्, ले पत्रकारिता क्षेत्रको विकासको चिन्ताले भन्दा पनि पार्टी र आफ्नो बर्चस्व स्थापित गर्ने थलो बनाउन प्रयास गरे महासंघलाई। यसमा एकथरि सफल भए, एकथरि पराजित भए। दलका शीर्ष नेताहरुले यही काम पनि आआफ्ना निकट पत्रकार संगठनमार्फत गरेको भए महासंघ यति धेरै विवादित बन्दैन थियो।

प्रेस सेण्टरले आफ्नै हिसाबले प्रारम्भमा क्रियाशील श्रमजीवी पत्रकारहरुसँग बसेर उम्मेदवार चयन गर्ने निर्णय गरेको भए, एक्लै निर्वाचन लड्ने आँट गरेको भए यो पीडादायी हार बेहोर्नु पर्ने थिएन। पहिला बालुवाटारमार्फत महासंघको उम्मेदवार चयन गर्ने माओवादी केन्द्र र यस क्षेत्रमा अख्तियारी पाएका केही व्यक्तिहरुले गरेको गल्तीको परिणाम आज भोग्नु परेको छ।

निश्चय नै दलहरू र कर्पोरेटहरुको घेराबन्दीमा महासंघको नेतृत्व चयन गर्दा श्रमजीवी पत्रकारहरूको आवाज दबिएको छ। माओवादी केन्द्रले गठबन्धनको नेतृत्व गर्दै आफ्नो पक्षलाई सुदृढ बनाउन एकीकृत समाजवादी, मोहन वैद्य, विप्लव, मोहन विक्रम सिंहको नेतृत्वको दलहरूको प्रेस संगठनलाई पनि समेट्यो। तर, यस गठबन्धनको परिणाम सन्तोषजनक आएन।

यसपटक महासंघको निर्वाचनमा एमाले र कांग्रेसको गठबन्धनबाट निर्मला शर्मा अध्यक्ष र रामप्रसाद दाहाल महासचिव निर्वाचित भए। माओवादी केन्द्रको नेतृत्वमा बनेको गठबन्धनले मात्र कोषाध्यक्ष पद जित्न सफल भयो।

महासंघको निर्वाचन प्रक्रियामा दलहरूको मात्र होइन, कर्पोरेट मिडियाको समेत ठूलो प्रभाव रह्यो। मिडिया मालिकहरूले आफ्नो स्वार्थ अनुकूल उम्मेदवार चयनदेखि मतदान गराउन कडा उर्दी नै जारी गरे। शंका लागेका कतिपय श्रमजीवी पत्रकारहरुलाई प्रतिष्ठानहरुमा महासचिवमा जन्मदेव जैसीको टिमलाई दियो कि भनेर फोटो खिचेर ल्याउन गरिएको उर्दी ती कतिपय साथीहरुले बताए।

कर्पोरेटको छायाँमा परेर सरकारी समानुपातिक विज्ञापन नपाएका साना लगानीका स्वरोजगारमूलक मिडिया अब थप संकटमा पर्छन। श्रमजीवी पत्रकारहरूको अधिकार सुनिश्चित गर्ने उद्देश्य राखिएको महासंघ दल र कर्पोरेट दबाबबीच अल्झिएको छ। यसबाट खासै अपेक्षा गर्ने अवस्था छैन। श्रमजीवी पत्रकारहरूको मुद्दा प्राथमिकतामा नपर्दा महासंघको वास्तविक उद्देश्य साँच्चै ओझेलमा परेको छ।

यो निर्वाचनमा होटेल, रेष्टुरेन्ट, यातायात र औषधि क्षेत्रमा काम गर्ने व्यक्तिहरूलाई पनि मतदाता बनाइएको तथ्यले प्रक्रियाको निष्पक्षतामा शंका उत्पन्न गराएको छ। मतदाता सूचीमा आफन्त र सदस्यता जोडिएका व्यक्तिहरूको मतदानले महासंघको निर्वाचनमा पारदर्शितालाई चुनौती दिएको छ।

महासंघका तत्कालीन अध्यक्ष विपुल पोखरेलले आफ्नो कार्यकालमा नेतृत्व गर्न नसकेपछि नैतिकताका आधारमा राजीनामा दिए। कार्यवाहक अध्यक्ष बनेका रमेश विष्ट पनि महासंघको निर्वाचन गराउने जिम्मेवारी पूरा गर्न नसकेर पलायन भए। दलहरूको स्वार्थ र गुटगत दबाबका कारण महासंघको स्वायत्ततालाई जोगाउन तत्कालीन नेतृत्व असफल देखियो। त्यही चक्रब्युहमा फस्यो।

निर्मला शर्मा र रामप्रसाद दाहालको नेतृत्वले महासंघलाई पुरानो शाख फर्काएर अघि बढाउन सके मात्र यो संस्था वास्तविक पत्रकारहरूको साझा थलो बन्न सक्छ। अन्यथा, यो दलहरूको युवा संगठनहरु युथफोर्स, तरुण दल र वाईसीएल जस्तै एउटा प्रोपोगाण्डाको साधनमा सीमित हुनेछ।

महासंघको नेतृत्वले श्रमजीवी पत्रकारहरूको समस्या, स्वरोजगारमूलक मिडियाको दायरा र स्वायत्तताको पक्षमा ठोस योजना अघि सार्नुपर्छ। नेपाल पत्रकार महासंघलाई दलहरूको प्रभावबाट मुक्त गर्न, स्वतन्त्र र निष्पक्ष नेतृत्व गर्न सक्ला त ? मलाई लाग्छ, सम्भव छैन। नेपाल पत्रकार महासंघमा वास्तविक मुद्दा बोक्ने अधिकांश पत्रकारहरु पराजित भएका छन्।

नेपाल पत्रकार महासंघको निर्वाचनले देखाएको स्वायत्तताको संकटले सिङ्गो पत्रकारिता क्षेत्रलाई गम्भीर सोचाइमा पु-याएको छ। दलहरूको हस्तक्षेप, कर्पोरेट दबाब र गुटगत राजनीति महासंघको उद्देश्य विपरीत छ। स्वतन्त्र पत्रकारहरूको आवाजलाई सशक्त बनाउन र श्रमजीवी पत्रकारहरूको हकहित सुनिश्चित गर्न महासंघको संरचनात्मक र नेतृत्वगत सुधार आवश्यक छ।

महासंघलाई वास्तविक श्रमजीवी पत्रकारहरूको साझा थलो बनाउन दलगत स्वार्थ त्यागेर श्रमजीवी पत्रकारहरू, साना लगानीका स्वरोजगारमूलक मिडियाको अधिकार र सम्मानको लागि एकताबद्ध हुन जरुरी छ। हिजोका कमजोरी सुधार गर्दै पत्रकारिताको न्याय र स्वतन्त्रता सुनिश्चित गर्न महासंघका सबै पक्षले जिम्मेवारीपूर्वक कदम चाल्नुपर्छ। वर्तमान नेतृत्वले महासंघको सुधारको पक्षमा कदम चाल्ने साहस गर्ने हो भने हातेमालो गर्न हामी तयार छौं। अन्यथा दलगत र कर्पोरेट स्वार्थमा अल्झेर थिलथिलो भएको महासंघ विघटनमा जाने निश्चित छ। स्थितिमा सुधार नगर्ने हो भने क्रियाशील, श्रमजीवी पत्रकारहरुले एकीकृत महासंघलाई मतदान गर्ने यो अन्तिम पटक हुनेछ। श्रमजीवी क्रियाशील पत्रकारहरुको हितमा काम गर्ने दलगत र कर्पोरेटको छायाबाट मुक्त अर्कै महासंघ निर्माण गर्न बाध्य हुने अवस्था सिर्जना हुन पनि सक्छ।

# पत्रकार भट्टराई र बोहोरालाई 'नयाँ विमर्श' को बधाइ

काठमाडौं/ 'नयाँ विमर्श' का कार्यकारी सम्पादक पीएमणि भट्टराई नेपाल पत्रकार महासंघको हालै सम्पन्न महाधिवेशनबाट कोशी प्रदेशको प्रदेश परिषद् सदस्यमा निर्वाचित भएका छन्।

गत मंसिर २८ गते सम्पन्न महाधिवेशनमा भट्टराई निर्वाचित भएका हुन्। कार्यकारी सम्पादक भट्टराई त्यसरी निर्वाचित भएकोमा 'नयाँ विमर्श' एक विज्ञप्तिमार्फत उनलाई बधाइ ज्ञापन गरी सबै मतदातालाई धन्यवाद दिएको छ।





यसैगरी 'नयाँ विमर्श' का शुभचिन्तक एवम् अर्थ सवाल साप्ताहिकका सम्पादक/प्रकाशक रमेश कुमार बोहोरा महासंघको काठमाडौं शाखाको सचिवमा निर्वाचित भएका छन्। यसअघि काठमाडौं शाखामा कार्यसमिति सदस्यका रुपमा सक्रिय बोहोरा आफ्ना प्रतिस्पर्धीभन्दा ४० मत बढी ल्याएर विजयी भएका हुन्।

लोकतन्त्र स्थापनाका साथै जनतालाई सुसूचित गर्न अहं भूमिका निर्वाह गरी इतिहास कायम गरेका साना तथा स्वरोजगारमूलक साप्ताहिक पत्रिकाहरुको हित र संरक्षणमा निरन्तर लागि परेका बोहोराको विजयले पत्रकारहरु उत्साहित देखिएका छन्। काठमाडौं शाखा जस्तो महत्वपूर्ण शाखाको सचिव जस्तो जिम्मेवारीपूर्ण पदमा निर्वाचित बोहोराले पत्रकारहरुको साझा समस्या समाधानका लागि आफूले पहल गर्ने बताएका छन्। बोहोरालाई पनि 'नयाँ विमर्श' परिवारले बधाइ ज्ञापन गरेको छ।

# नेपाल बैंक गोलबजार शाखाको भवन उद्घाटन

काठमाडौं। नेपाल बैंकको सिराहा जिल्ला स्थित गोलबजार शाखाको भवन उद्घाटन भएको छ। बैंक स्थापना भएको ४८ वर्षपछि बैंकको आफ्नै स्वामित्वको नवनिर्मित भवनबाट बैंकिङ कारोबार गर्ने गोलबजार नगरपालिकाका प्रमुख श्याम कुमार श्रेष्ठ र बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेयले संयुक्त रूपमा गोलबजार शाखाको समुद्घाटन गरे।




नेपालको पहिलो बैंक समेत रहेको यस बैंकले देशका विभिन्न स्थानमा रहेको आफ्नो जग्गामा आवश्यकताको आधारमा भवन निर्माण गरी कारोबार सञ्चालन गर्ने नीति अनुरुप निर्माण भएको यस भवनबाट ग्राहकहरूले सम्पूर्ण बैंकिङ सुविधा प्राप्त गर्न सक्नेछन्। हाल बैंकले २२९ शाखा, ५९ एक्सटेन्सन काउण्टर र २०४ एटिएम काउण्टरमार्फत सेवा दिँदै आएको छ।

## गम्भीर बहादुर हाडाको
## बृहस्पति पुस्तक प्रकाशनबाट प्रकाशित पुस्तकहरु

- गम्भीर बहादुर हाडा, अर्थशास्त्र शिक्षण विधि (Method of Teaching Economics), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड. तेस्रो वर्ष Eco.Ed. 432 तथा 439 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U. Solution, बि.एड.तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र (Economics of Education), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष Eco.Ed. 424 को नयाँ पाठ्यक्रममा आधारित A Complete T.U. Reference Book, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, बृहत अर्थशास्त्र (Macro Economics), त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए. दोस्रो वर्षको Eco- 423 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solution, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, व्यवस्थापकीय अर्थशास्त्र र अर्थशास्त्र शिक्षामा अनुसन्धान (Managerial Economics & Research in Economic Education), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. चौथो वर्ष Eco Ed. 445 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, आर्थिक विश्लेषण (Economic Analysis), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. प्रथम वर्ष Eco Ed. 416 तथा 418 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. प्रथम वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र र नेपालको अर्थशास्त्र (Development Economics & Nepalese Economics), त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत बि.ए. तेस्रो वर्ष Eco 314 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७५, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सम्यक पोखरेल, आधुनिक अर्थशास्त्र (Modern Economics), Completely Based on HSEB Economics Curriculum (A Complete Reference Book with HSEB/NEB Solutions, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७६, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, नेपालको अर्थव्यवस्था (Nepalese Economy), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष Eco Ed. 422 तथा 428 को नयाँ पाठ्यक्रममा आधारित With Model Questions & Solutions, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त (Public Finance), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष Eco 425 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, अन्तर्राष्ट्रिय अर्थशास्त्र (International Economics), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष Eco.Ed.434 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त, वित्तीय व्यवस्था र अन्तर्राष्ट्रिय व्यापार (Public Finance, Financial System & International Trade), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत बि.ए.तेस्रो वर्ष Eco -314 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७८/७९, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र (Economics of Education), त्रि.वि. शिक्षा शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्.दोस्रो वर्ष Eco. Ed. 424 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, विकास र योजनाको अर्थशास्त्र (Economics of Development & Planning), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.दोस्रो वर्ष Eco.Ed. 423 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, अर्थशास्त्र, पाठ्यक्रम विकास केन्द्रद्वारा जारी अर्थशास्त्र (३०४) को नयाँ पाठ्यक्रममा आधारित A Complete NEB Reference Book on, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि., कक्षा १२, २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, मुद्रा, वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय व्यापार (Money, Financial System & International Trade), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष Eco. 426 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र, योजना र नेपालको अर्थशास्त्र (Development Economics, Planning and the Economy of Nepal), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.दोस्रो वर्ष Eco 424 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, अनुसन्धान पद्धति र प्राज्ञिक लेखन (Research Methodology & Academic Writing), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष Eco. 427 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त (Public Finance), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष Eco 425 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सरकारी वित्त र वित्तिय प्रणाली (Government Finance & Financial System), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष Eco.Ed. 433 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।

# नेपालमा सिमसारको महत्व – संरक्षणको आवश्यकता

‘सिमसार’ दुई अलग शब्दको संयोजनबाट बनेको शब्द हो जसमा ‘सिम’ ले पानी नसुक्ने जमिन र ‘सार’ ले पानी भन्ने बुझाउँछ। यस अर्थमा सिमसारले ‘भूमिगत जलस्रोत वा वर्षाका कारण पानीको परिमाण रहने, प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो, पानी भएको धापिलो तथा दलदले जमिन, नदीबाट प्रभावित भूमि, ताल, पोखरी, जलाशय र कृषि भूमि समेतलाई जनाउँछ।

नेपालको कुल क्षेत्रफलको पाँच प्रतिशत अर्थात् करिब ७,४३,७५६ हेक्टर क्षेत्रफल सिमसारले ओगटेको छ। विश्व संरक्षण सङ्घ (IUCN) र अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) ले सन् २००२ मा गरेको अध्ययनमा नेपालको समुद्रसतहबाट ३ हजार ५ सय मिटरभन्दा माथिको उच्च हिमाली क्षेत्रका विभिन्न स्थानमा छरिएर रहेका २ हजार ३ सय २३ वटा सिमसारले झन्डै ७५.७० वर्गकिलोमिटर क्षेत्रफल ओगटेको जनाइएको छ। सिमसारले विभिन्न प्रजातिका वनस्पति तथा जीवजन्तुलाई उत्तम् वासस्थान प्रदान गर्दछ।

उपयुक्त आश्रयस्थल र यथेष्ट आहार प्राप्त हुने हुँदा जीवजन्तु एवम् वनस्पतिको विविधताका लागि सिमसारले महत्वपूर्ण स्थान प्राप्त गरेको हुन्छ। हिमाली क्षेत्रका सिमसारमा विभिन्न किसिमका स्तनधारी जनावर, चरा र माछाजस्ता प्राणीले आश्रय लिन्छन्। रैथाने चराका लागि मात्र नभएर फिरन्ते पन्छीका लागि पनि सिमसारहरु उत्कृष्ट विचरणस्थल प्रमाणित भएका छन्। सिमसारलाई प्राणी र वनसपतिका लोपोन्मुख र संकटापन्न प्रजातिले अन्तिम वासस्थान बनाएका हुन्छन्।

सिमसारको विशिष्ट प्राकृतिक प्रणालीभित्र रैथाने प्रजातिका जीवको बाहुल्य रहेको हुन्छ। पानीको भूमिगत र सतही स्रोतको संरक्षण गर्न, पहिरो रोकथाम गर्न र माटोको पोषक तत्वको चुहावट रोक्न सिमसारले महत्वपूर्ण भूमिका खेल्दछ। तसर्थ, जैविक विविधताको महत्वपूर्ण प्राकृतिक संरक्षणस्थलका रूपमा रहेको सिमसारले पानीको आपूर्ति, भू-क्षय नियन्त्रण र माटोको उर्वराशक्ति कायम राखेर मानिसलाई जीवनयापनका स्रोतहरु पनि प्रदान गर्दछ।

तराईको समथर मैदानदेखि चुरे, महाभारत पर्वत हुँदै हिमाली भूक्षेत्रसम्म फैलिएका विविधतापूर्ण परिस्थितिकीय प्रणालीभित्र विविध विशेषतायुक्त अनगिन्ति सिमसार रहेका छन्। नेपालको कुल क्षेत्रफलको पाँच प्रतिशत अगर्थात् करिब ७४३,७५६ हेक्टर क्षेत्रफल सिमसारले ओगटेको छ।

विश्व संरक्षण संघ नेपालले सन् १९९८ मा नेपालको तराईमा रहेका १ सय ६३ वटा सिमसारको विवरण र मध्यपहाडका ७८ वटा सिमसारको नामावली संकलन गरेको थियो। त्यसैगरी अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र ९क्ष्ऋक्ष्इम० ले सन् २००२ मा गरेको अध्ययनमा नेपालको समुद्रसतहबाट ३ हजार ५ सय मिटरभन्दा माथिको उच्च हिमालीक्षेत्रका विभिन्न स्थानमा छरिएर रहेका २ हजार ३ सय २३ वटा सिमसारले झण्डै ७५.७० वर्गकिलोमिटर क्षेत्रफल ओगटेको जनाइएको छ।

नेपालको तराईदेखि हिमालसम्म छरिएर रहेका सबै सिमसारको पहिचान अझसम्म हुन सकेको छैन। सिमसार कृषि उत्पादनका लाा उर्वर भूमि र जैविक विविधताका दृष्टिले अत्यन्त धनी क्षेत्र मानिन्छ। सिमसारले विभिन्न प्रजातिका वनस्पित तथा जीवजन्तुलाई उत्तम वासस्थान प्रदान गर्दछ। उपयुक्त आश्रयस्थिल र यथेष्ट आहार प्राप्त हुने हुँदा जीवजन्तु एवम् वनस्पतिको विविधताका लागि सिमसारले महत्वपूर्ण स्थान प्राप्त गरेको हुन्छ। सिमसारमा विभिन्न किसिमका स्तनधारी जनावर, चरा, कछुवा, सर्प र माछाजस्ता प्राणीले आश्रय लिन्छन्। रैथाने चराका लागि मात्र नभएर फिरन्ते पन्छीका लागि पनि सिमसार उत्कृष्ट विचरणस्थल प्रमाणित भएका छन्। सिमसारलाई प्राणी र वनस्पतिका लोपोन्मुख र संकटापन्न प्रजातिले अन्तिम वासस्थान बनाएका हुन्छन्। सिमसारको विशिष्ट प्राकृतिक प्रणालीभित्र रैथाने प्रजातिका जीवको बाहुल्य रहेको हुन्छ।

सिमसार भन्नाले भूमिगत जलश्रोत वा वर्षाका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ अथवा नुनिलो पानी भएको धापिलो वा दलदले जमिन, नदीबाट प्रभावित भूमि, ताल, पोखरी, जलाशय र कृषि भूमि समेत बुझिन्छ। तराईका समथर मैदानदेखि चुरे, महाभारत पर्वत हुँदै उच्च हिमाली क्षेत्रसम्म फैलिएको र विविधतापूर्ण परिस्थितिकीय प्रणालीभित्र रहेका अनगिन्ती सिमसारहरुले नेपालको कुल क्षेत्रफलको लगभग ५% ओगटेका छन्। जैविक विविधता र जीवनपयोगी श्रोतको धनि मानिने यी सिमसार विभिन्न प्रजातिका वनस्पति, जीवजन्तु र फिरन्ते पंक्षीहरुका लागि उत्तम आश्रयस्थलका रुपमा रहेका छन्।

पानीको सतही र भूमिगत श्रोतको संरक्षण गर्न, पहिरो रोकथाम गर्न र माटोको पोषक तत्वको चुहावट रोक्न सिमसारले महत्वपूर्ण भूमिका खेल्दछ। परम्परा, धर्म र संस्कृतिका उद्गम थलो यी सिमसारहरुसँग मानव जातिको अन्योन्याश्रित सम्बन्ध रहेको छ। Watershed वा ‘जलाधार’ भनेको जलस्रोतको आधार क्षेत्र वा मुहानलाई जनाउँदछ। जलाधारलाई Drainage Basin पनि भनिन्छ। नेपालका ठूला-ठूला नदीहरुको आधार क्षेत्र भनेका सदावहार हिउँले ढाकेको हिमालहरु हुन्।

नेपाल जलाधारमा उच्चतम् स्थान ओगटेको छ। नेपालले जलभण्डारले लगभग ८३००० मेगावाट विद्युत उत्पादन गर्ने सैद्धान्तिक आँकलन गरिएको छ। अभियानअन्तर्गत लेखनाथ नगरपालिकाको ४,६,९,१०,११,१४ वडा र रुपाकोट गाविसका सिमसार क्षेत्रमा सन् २००२ देखि अभिलेखीकरण सुरु भएको हो। स्थानीयस्तरमा कृषक समूह, सामुदायिक तथा सहकारी संस्था, गाविस, नगरपालिका, जिविस र सरकारी तथा गैरसरकारी संस्थाको सहयोगमा यो अभियानमा तीन हजार घरधुरी परिचालन गरिएको छ।

स्थानीयस्तरमा समूह गठन गरी जैविक विविधताबारे छलफल गर्नुको सौ तिनको खोजी गर्दै अभिलेखीकरण गर्ने कामसमेत स्थानीयबासीले गरेका छन्। लेखनाथमा समुदायबाट भएको अभिलेखीकरण सफल भएपछि अन्य पाँच जिल्लामा पनि यसलाई विस्तार गरिएको छ।

गोसाईकुण्ड–नौकुण्ड सिमसार क्षेत्र रसुवा जिल्लास्थित लाङटाङ राष्ट्रिय निकुञ्जभित्र पर्दछ। समुद्रसतहबाट ३ हजार ५ सय मिटरभन्दा माथिको उचाइमा रहेका रसुवा जिल्लाका २ सय हिमतालमध्ये १ सय ४९ वटा लाङटाङ राष्ट्रिय निकुञ्जभित्र पर्दछन्। गोसाईकुण्ड–नौकुण्ड क्षेत्रमा १ हेक्टर देखि १७ हेक्टर क्षेत्रफल भएका १६ वटा कुण्ड छन्।

गोसाईकुण्ड र नौकुण्ड नामका दुवै हिमाली सिमसार क्षेत्रलायृ बीचमा एउटा अग्लो पहाडले टेके पनि दुवैको पानी भने लौरोविनाको उकालोभन्दा पूर्वपट्टी बग्ने त्रिशुली नदीमा खस्दछ।गोसाईकुण्ड क्षेत्रमा रहेका १६ वटा कुण्डले ५४ हेक्टर भूभाग ओगटेका छन्। त्यस्तै नौकुण्ड क्षेत्रका ९ वटा कुण्डले ४० हेक्टर भूभाग ओगटेका छन्। गोसाईकुण्डको जलाधार क्षेत्र लगभग १ हजार ४० हेक्टर र नौकुण्डको जलाधार क्षेत्र करिब ७ सय ६२ हेक्टरमा फैलिएको छ।

जैविक विशाल बजारको रुपमा रहेको सिमसार जसबाट घाँस, दाउरा, जडिबुटी, खाद्य वनस्पतिहरु, थुप्रै जीवजन्तुहरु उपलब्ध हुन्छन्। यो भन्दा पनि यसले पर्यावरणीय सन्तुलन कायम राख्नमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। यसले पानीको स्रोतलाई संरक्षण गर्दछ। यो हाम्रो शरीरको संवेदनशील अंग जस्तै हो। यसले बाढी नियन्त्रण गर्दछ, त्यस्तै तटीय क्षेत्रको क्षयीकरण हुनबाट बचाउँछ।

अहिले त यसको महत्व झनै बढ्दै आएकोले वन्यजन्तुको आरक्षण स्थलको रुपमा स्थापित हुँदै गएको छ। त्यस्तै पर्यटनको विकास गर्नका लागि मनोरञ्जन प्रदान गर्ने स्थलको रुपमा मत्स्यपालन व्यवसाय सञ्चालन गर्ने लगायत अन्य महत्वपूर्ण आयआर्जन हुने थलोको रुपमा पनि विकास गर्न सकिन्छ। यसले हुरीबतास, नियन्त्रण तथा धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका क्षेत्रहरुको बिस्तार गर्नका लागि पनि त्यतिकै महत्व राख्दछ।

विभिन्न चराचुरुङ्गीहरु, जीवजन्तुहरु, माछाहरु र बोटवृक्षहरुलाई पानी, आहारा, आश्रय र प्रजनन स्थल प्रदान गर्ने हुनाले यो अति नै महत्वपूर्ण रहेका छन्। यसबाट पानीको स्थानान्तरण र शुद्धीकरण गर्ने कारणले यो महत्वपूर्ण हुन गएको छ। प्रायः जसो प्राचीन शहरको निर्माण पनि सिमसार क्षेत्रबाट भएका हुन् तथा यातायातका मार्गका निर्माण पनि सिमसारबाटै भएका छन् जसको उदाहरण कान्तिपुर, विराटनगर, तिलौराकोट, पोखरा इत्यादि। नेपालमा करिब ५ प्रतिशत भूभाग जमिन सिमसार क्षेत्रले ओगटेको छ। यहाँ करिब २० थरिका जनजातिहरु परम्परागतरुपमा सिमसारमा आधारित विभिन्न स्रोतहरुबाट जीविकोपार्जन गर्दछन्।

त्यतिमात्र होइन, ती जनजातिको सामाजिक संस्कार लगायत विविध संस्कृतिको उचित संरक्षण तथा व्यवस्थापनद्वारा समुदायमा आधारित पर्यटकीय विकासको प्रशस्त सम्भावना बनेको हुन्छ। स्थानीय स्रोत, साधनलाई परिचालन गर्ने र स्थानीय समुदायलाई प्रयोग गर्न पाउने अधिकार सुरक्षित गर्दै धेरै प्रजातिका जलीय वनस्पति, प्राणी र चराहरुको लागि पनि त्यतिकै महत्वपूर्ण बन्न पुग्दछ।

वातावरण संरक्षण तथा आर्थिक विकासका दृष्टिले सिमसार क्षेत्र महत्वपूर्ण सम्पदामा पर्दछ। रामसार महासन्धिपश्चात् नेपालले पनि यस्ता क्षेत्रको संरक्षण तथा विवेकशील उपयोगमा जोड दिँदै आएको छ। जसका कारण कतिपय सिमसार क्षेत्र अन्तर्राष्ट्रियरुपमै महत्वपूर्ण मानिएका छन्। यस क्रममा नेपालका तराई क्षेत्रमा अवस्थित ४ वटा सिमसार विश्व रामसार सूचीमा परिसकेका छन्।

पोखराका फेवासहित अनय ताल, रारा ताल, गोसाईकुण्ड, से फोक्सुण्डो, संखुवासभाको सभा पोखरीजस्ता सयौँ तालतलैयाको स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वको पहिचान हुन अझै बाँकी नै रहेको छ। सिमसार क्षेत्रको महत्व परिस्थितिकीय प्रणालीसँग प्रत्यक्षरुपमा गाँसिने भए पनि नेपालको सन्दर्भमा यसको संरक्षण तथा बुद्धिमत्तापूर्ण उपयोग चुनौतीपूर्ण नै रहेको छ। अधिकांश सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापनका सवालमा स्थानीय सरोकारवालासँग समन्वय हुन सकेको छैन।

स्थानीय समुदायको शसक्तिकरणमा यथेष्ट ध्यान नदिइनु, शैक्षिक गतिविधि तथा जनचेतना अभिवृद्धिका कार्य नाम मात्रका हुनु, स्थानीय प्रविधि, ज्ञान र आवश्यकताप्रति असंवेदनशील भएर व्यवस्थापन कार्यक्रम झारो टार्ने ध्येयले मात्र सञ्चालन भएका कारण आन्तरिक द्वन्द्व बढ्दै गएको छ। यसका अतिरिक्त हाल मुलुकमा चलिरहेका हिंसात्मक द्वन्द्वले पनि यस्ता क्षेत्रको विकास कार्यक्रमलाई झनै ओझेलमा पारेको छ।



-गम्भीर बहादुर हाडा
अधिवक्ता तथा सह–प्राध्यापक,
अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस
(अवकासप्राप्त)

राष्ट्रिय ताल संरक्षण विकास समितिले हालसम्म ५३५८ वटा सिमसार क्षेत्र (तालहरु) पहिचान गरिसकेको छ। जसमध्ये समुन्द्री सतहदेखि ५०० मिटर भन्दा मुनि अवस्थित २७१२ वटा तालहरु (५१ प्रतिशत) रहेका छन् भने २२२७ वटा (४२ प्रतिशत) तालहरु तीनहजार मिटरभन्दा माथि अवस्थित छन्। जब कि ४१९ वटा तालहरु (८ प्रतिशत) मध्यपहाडी भागमा अवस्थित छन् (Mool et al, 2001)।

कृषि विकास विभाग १९९२ को प्रतिवेदनअनुसार नेपालमा पाँच हजार ताल, १३८० जलाशय, ५१८३ घरेलु पोखरी रहेका छन्। विश्व संरक्षण संघ नेपाल १९९८ को अभिलेखअनुसार नेपालमा १६३ सिमसार तराईमा छन् भने ७९ सिमसार हिमाली र पहाडी क्षेत्रमा रहेका छन्। नेपालमा पाइने ८७८ प्रजातिका चरामध्ये १९३ प्रजातिका चरा सिमसारमा आश्रित छन्। यीमध्ये केही आगन्तुक र खतराको सूचीमा रहेका पनि पर्दछन्। नेपालमा पाइने २० प्रजातिका मेरुदण्ड भएका जीवमध्ये १७ वटा सिमसारमा आश्रित रहेका छन्। जसमध्ये पनि नौ वट उभयचर र आठवटा माछा प्रजातिका रहेका छन् (विश्वास गरिएको छ कि नेपालमा पाइने सात हजार प्रजातिको वनस्पतिमध्ये २५ प्रतिशत सिमसारमा आश्रित छन्)।

त्यसैगरी २४६ रैथाने फुल्ने प्रजातिका वनस्पति सिमसारमा आश्रित छन्। यी सिमसारहरुमा नेपालमा खेती गरिने बालीका वंशाणु स्रोत पनि मौज्दात पनि रहेको पाइन्छ। जस्तै पाँच वटा जंली धाान र दुईवटा जंगली धानसँग सम्बन्धित धानको वंशाणु नेपालका सिमसारमा पाइन्छन् (नेपालमा पाइने करिब सात हजार फुल फुल्ने वनस्पति मध्ये २५ प्रतिशत वनस्पति सिमसार क्षेत्रमा पाइन्छन्)। ३७ प्रजातिका किटपतंग, १८५ प्रजातिका माछा, ३६ प्रजातिका उभयचर, ८० प्रजातिका घस्रने जन्तु, १९३ प्रजातिका चराचुरुङ्गीहरु यही सिमसार क्षेत्रमा पाइन्छन्। अध्ययन हुन बाँकी थुप्रै जीवजन्तु पनि सिमसार क्षेत्रमा पाइन्छन्।

# Poinsettia

P. Pilgrim

Throughout the Christian world one plant has been closely associated with Christmas for the past 150 years and that's the poinsettia plant. Even though it isn't native to Europe or North America as they are native to Central America, especially an area of southern Mexico known as 'Taxco del Alarcon' where they flower during the winter. The ancient Aztecs from southern Mexico, called them 'cuetlaxochitl'. The Aztecs had many uses for them including using the flowers to make a purple dye for clothes and cosmetics and the milky white sap was made into a medicine to treat fevers. Today we call the sap latex! The flowers are really special types of leaves known as bracts rather than being flowers. They come in various colours from the traditional red to blue purple and even yellow, and it is the colour combination that is unique for the Christmas season, of red and green.



The poinsettia was made widely known in America because of a man called Joel Roberts Poinsett, from whom the plant received its name. He was the first Ambassador from the USA to Mexico in 1825. Poinsett had some greenhouses on his plantations in South Carolina, and while visiting the Taxco area in 1828. He wandered the beautiful countryside and became enchanted by the brilliant red leaves of an unfamiliar plant. He immediately sent some of the plants back to South Carolina, where he began growing the plants and sending them to friends and botanical gardens. One of the friends he sent plants to, was John Bartram of Philadelphia. At the first Philadelphia flower show, Robert Buist, a plants-man from Pennsylvania saw the flower and he was probably the first person to have sold the poinsettias under their botanical, or latin name, 'Euphorbia pulcherrima' (it means, 'the most beautiful Euphorbia'). They were first sold as cut flowers. It was only in the early 1900s that they were sold as whole plants for landscaping and pot plants. The Ecke family from Southern California were one of, if not, the first to sell them as whole plants and they're still the main producer of the plants in the USA. It is thought that they became known as Poinsettia in the mid 1830s when people found out who had first brought them to America from Mexico.

It's Latin name is Euphorbia pulcherrima and it is a shrub or small tree, typically reaching a height of 0.6–4 metres (2–13 ft). The plant bears dark green dentate leaves that measure 6–16 centimetres (2.4–6.3 in) in length. The coloured bracts—which are normally flaming red, with cultivars being orange, pale green, cream, pink, white, or marbled—are often mistaken for flower petals because of their groupings and colours but are actually leaves. The colours of the bracts are created through photoperiodism, meaning that they require darkness, at least fourteen hours at a time for 6–8 weeks in a row, to change colour. The plants also require abundant light during the day for the brightest colour. Semi-evergreen, they generally lose most of their leaves during winter.

The shape and colour of the poinsettia flower and leaves are sometimes thought as a symbol of the Star of Bethlehem which led the Wise Men to Jesus. They followed the star to Israel from the East and then right to the spot where Christ Jesus was born. The red coloured leaves are seen to symbolize the blood of Christ. For every Christian the death of Christ on the cross is the symbol of peace and joy which was bought for them through the death of Christ on the cross. The white leaves represent the purity of Christ. Even though Jesus was man he never sinned and thus he could redeem a people for himself. This people are all those who trust and know him as their Saviour. Jesus said in John chapter 16 verse 33, 'that in me ye might have peace. In the world ye shall have tribulation: but be of good cheer; I have overcome the world.' For these reasons poinsettias are popular Christmas decorations in homes, churches, offices, and elsewhere across the Christian world.

pilgrimway101@yahoo.com

Considering studying or working aboard?
Come to **Joy International Language Institute**
for all levels of
English and Spanish Language Classes
including **IELTS, PTE, TOEFL**
*Improve your conversation skills speaking with a native speaker.*
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com




निर्माणका लागि हामीलाई सम्झनु होस्
कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्। विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरूका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरू तान्ने कार्यहरूमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।
‘तपाईहरूको सन्तुष्टि नै हाम्रो उपलब्धि हो’
प्रविधि कन्स्ट्रक्सन प्रा.लि.
कृष्ण नगरकोटी
काठमाडौं - ११, काठमाडौं
सम्पर्क नं. ९८४१७२५६६२

## पत्रकारको ...

चर्चामा रहने महासचिव पदमा रामप्रसाद दाहाल विजयी भएका छन् । उनले चार हजार ८४ मत प्राप्त गरी विजयको माला पहिरिँदा निकटतम प्रतिद्वन्द्वी लेखनाथ न्यौपानेले एक हजार नौ सय २९ मत प्राप्त गरे।

यस्तै सचिव (खुल्ला) मा रमेश खतिवडाले तीन हजार चार सय मत ल्याई जिते। सचिव (महिला) मा भने सोनी शर्माचार हजार तीन सय ४७ मत प्राप्त गरी विजयी भइन्।यस्तै, सचिव (आदिवासी जनजाति) मा सविन प्रियासनले तीन हजार पाँच सय ३५, सचिव (मधेशी) मा अशोककुमार तिवारीले तीन हजार आठ सय ५८ मत प्राप्त गरी विजयको माला पहिरिन सफल भए। यस्तै, सचिव ( दलिततर्फ) प्रकाश धौलाकोटी विजयी भए । उनले चार हजार एक सय १० मत पाई विजयी भएका थिए भन सचिव एशोसिएटतर्फ बैकुण्ठराज पराजुलीले तीन हजार छ सय ४५ मत प्राप्त गरी विजयी भए ।

पदाधिकारीहरुमा सबैजसो पदमा नेपाल प्रेस युनियन र प्रेस चौतारीका उम्मेदवारले विजयको माला पहिरिएको अवस्थामा कोषाध्यक्षमा भने प्रेस सेन्टरका उम्मेदवार रामकृष्ण अधिकारीले अप्रत्यासित जित निकाले । उनले तीन हजार आठ सय ४७ मत प्राप्त गरी विजयको माला पहिरिँदा केन्द्रीय पदाधिकारीमा उनी नै प्रेस सेन्टरका तर्फबाट रखवाला हुने भएका हुन् ।

उता, कोशी प्रदेशतर्फबाट केन्द्रीय सदस्यमा कमल (कमलमणि) रिमालले पाँच सय २७ मत र शंकर खरेलले चार सय ४२ मत प्राप्त गरी जित निकाले । यस्तै, मधेश प्रदेश सदस्यमा राजु विश्वकर्मा दुई सय ९७ मत र राजेशकुमार कर्णले तीन सय ७६ मत प्राप्त गरी विजयको माला पहिरिए ।बागमती (उपत्यका बाहेकका) केन्द्रीय सदस्यमा नवराज पथिकले तीन सय ६८ र नारायणप्रसाद अधिकारीले चार सय ५० मत प्राप्त गरी आफूलाई विजयी बनाए।

यस्तै, गण्डकी प्रदेश सदस्यमा कृष्ण के.सी. तीन सय ३० मत, के.बी. रानाले तीन सय ८१ मत प्राप्त गरी विजयी भए । लुम्बिनी प्रदेश सदस्यमा रामराज पोखरेलले पाँच सय ६० मत र विकास बन्जाडेले चार सय ७३ मत प्राप्त गरी जित निकाले । कर्णाली प्रदेश सदस्यमा तुलाराम पाण्डेले दुई सय ८८ र नगेन्द्रप्रसाद उपाध्यायले तीन सय २१ मत प्राप्त गरी जित निकालेको निर्वाचन समितिले जनाएको छ । सुदूरपश्चिम प्रदेश सदस्यमा योगेन्द्रबहादुर बलायरले तीन सय ९७ र सुरेश पन्तले तीन सय मत प्राप्त गरी विजयी भएको जनाइएको छ ।

यता, उपत्यका प्रदेश सदस्यमा अर्जुन पन्तले चार सय ५९ र सूर्य सुवेदीले छ सय ६८ मत प्राप्त गरी विजयी भएको समितिले जनाएको छ। यस्तै, प्रतिष्ठान प्रदेशतर्फ वीरेन्द्र ओलीले चार सय र सविता शर्माले चार सय ८७ मत प्राप्त गरी विजयी भए । संस्थागत प्रदेश (एशोसिएट) तर्फ पवित्रा मुडभरीले दुई सय नौ र मनुका कुँवरले तीन सय एक मत प्राप्त गरी विजयको माला पहिरिए ।

यसैगरी खुल्ला सदस्यमा छविलाल तिवारीले तीन हजार चार सय ७०, भूपेन्द्र आचार्यले तीन हजार पाँच सय ८२, मुकुन्दप्रसाद भण्डारीले तीन हजार सात सय २१, रामेश्वर कार्कीले तीन हजार छ सय ३० र लवदेव ढुंगानाले तीन हजार आठ सय ३०मत प्राप्त गरी निर्वाचित हुने अवसर पाए ।मधेशी महिलातर्फ रुवीकुमारी रौनियारले चार हजार एक सय ८५, आदिवासी जनजाति महिलातर्फ माला पालुङ्वाले तीन हजार सात सय ३७ मत, खस आर्य महिलामा लीला शाह योगीले तीन हजार आठ सय १० मत प्राप्त गरी विजयी भए । दलित महिलातर्फ भने रीता बुढाथोकी निर्विरोध निर्वाचित भैसकेकी थिइन्।

यस्तै, दलित सदस्यमा सिकेन्द्र पासवानले तीन हजार तीन सय १६ मत पाई विजयी हुँदा दलित सदस्यमा सावित्री रसाइली (निर्विरोध) निर्वाचित भएकी थिइन्। आदिवासी जनजाति सदस्यमा भरत जर्घा मगरले चार हजार ५० मत ल्याई जित निकाल्दा आदिवासी महिला सदस्यमा देविका घर्ती मगर निर्विरोध निर्वाचित भैसकेकी थिइन्।

यसैगरी मधेशी सदस्यमा राजकरण महतोले तीन हजार आठ सय ९३, मधेसी सदस्य महिलामा ललिताकुमारी साहले चार हजार चार सय नौ मत प्राप्त गरी विजयी भइन्। अपांगता भएका सदस्यमा भूपराज बस्यालले तीन हजार पाँच सय ५७, अल्पसंख्यक सदस्यमा लक्ष्मण थामीले चार हजार तीन सय ७३ मत प्राप्त गरी विजयको माला पहिरिन सफल भए। यस्तै, लेखा समिति संयोजकमा केसी लामिछानेले चार हजार एक सय ९४ मत तथा सदस्य खुल्लामा केशवप्रसाद बोहराले चार हजार एक सय २५ र लेखा समिति सदस्य महिलामा रुक्मिणि पोखरेलले चार हजार ८९ मत प्राप्त गरी जित निकालेको निर्वाचन समितिले जनाएको छ ।

## आर्थिक ...

ठेकेदारहरुले साहुबाट पैसा लिन्छन् तर मिस्त्री र ज्यामीहरुलाई पैसा दिँदैनन् । २० हजार रुपियाँ लिनु छ भने दुई हजार दिन्छन् । अल्मलाएर राखिराख्छन् । सार्वजनिक सवारी साधनमा काम गर्ने चालक र सहचालकको मासिक तलब दुई हजार-२५ सय छ । सञ्चारकर्मीको अवस्था पनि त्यहीँ छ ।

कतिपय पत्रकारले महिनौंदेखि तलब पाएका छैनन् । काम गर्नेको रगतपसिनाको कमाइ खाएर साहुहरु चिल्लो गाडीमा चढेर हिँड्छन् । हात र गलामा सुनको सिक्री लगाउँछन् । आफ्ना सन्तानलाई महंगो विद्यालयमा पढाउँछन् । श्रमिकको सन्तान पढुन् कि नपढुन्, उनीहरुले खाऊन् कि नखाऊन्, तिनलाई केही मतलब छैन ।

मजदुरहरुको आवाज उठाउन पछिल्लो समय विभिन्न संघसंगठन खुलेका छन् । राजनीतिक दलसम्बद्ध सो संघसंगठन कमाउने भाँडो बनिरहेको छ। दिउँसो मजदुरहरुको हकहितको लागि आवाज उठाएझैं गर्ने, बेलुका शोषकी साहुहरु कहाँ गएर पैसा ल्याएर खाने । सरकार १८ वर्षमुनिका नाबालक भन्छ ।

उनीहरुलाई बालश्रममा लगाउन नपाइने सरकारको भनाइ छ । सरकारको भनाइ र गराइ उल्टो छ। कागजमा लेख्छ तर कार्यान्वयनमा लैजाँदैन् । सार्वजनिक यातायातमा ८-१० वर्षको बालबालिका सहचालक बसेको छ्याप्छ्याप्ती देखिन्छ । होटल-रेष्टुरेण्टमा पनि त्यही उमेर समूहको बालबालिकालाई भाडा उठाउन र माँझ्न राखिएको हुन्छ ।

घरभित्र त कति बालश्रम भइरहेको होला ? अन्दाज पनि लगाउन गाह्रो छ। सिमेण्ट, डण्डी पसलमा पनि स-साना बालबालिकाले काम गरिरहेको देखिन्छ। त्यस्ता कलिला बच्चाले काम गरेको पैसा खानु कतिसम्म लज्जास्पद कुरा हो । पहिलो त श्रमको उचित मूल्य दिँदैनन्, दोस्रो त्यो पनि समयमा दिँदैनन् ।

सकेसम्म पचाइदिन खोज्छन् । अनि सरकारको ऐनकानूनको के अर्थ भयो ? हरेक क्षेत्रमा महंगी छ । घरधनीले भाडा बढाएको बढ्यै गर्छ । सामानको भाउ कहिल्यै ओरालो लाग्दैन, झन् उकालो लाग्छ । अस्पतालमा उपचार त्यत्तिकै महंगो छ । श्रमिक वर्ग कसरी जिउने ? चुनाव आउनेबित्तिकै राजनीतिक दल रोजगारीका कुरा गर्छन् ।

श्रमिकको नारा लगाउँछन् । श्रमिकको लागि यो-त्यो गर्छौं भन्छन् तर अन्त्यमा अवस्था उही हो । पदमा पुगेपछि उनीहरु फर्केर पनि हेर्दैनन् । गरिबको नारा लगाएर पदमा पुग्नेहरु धेरै छन् । यहाँ त गोली गरिब जनताको छोराछोरीले खान्छन् । पदमा चाँहि राजनीतिक दल पुग्छन् ।

फेरि तिनले पदमा गएर श्रमिकको हकहितका लागि केही गरिदिए हुन्थ्यो । विडम्बना, पदमा पुग्नेबित्तिकै आफूलाई त्यहाँसम्म ल्याइपुऱ्याउनेको योगदान बिर्सिन्छन् । यसको उदाहरण धेरै छन् । चाहे माओवादी अध्यक्ष पुष्पकमल दाहालले नेतृत्व गरेको जनयुद्ध होस् या अन्यले श्रमिकका लागि गरेको आन्दोलन ।

दाहाल आफैं पनि पटकपटक प्रधानमन्त्री बनिसकें तर श्रमिकको हकहितको लागि के गरे ? जसलाई शोषक, सामन्ती भन्थें, पदमा पुगेपछि तिनैसँग मिल्छन् । अनि यस्ताले जनताको नियति फेर्छन् ? जनतालाई अल्मलाउने, घुमाउने र जनताको आँखामा छारो हाल्ने काम मात्र भइरहेको छ ।

पदमा नहुञ्जेल जनताको सारथी, पदमा पुगेपछि व्यापारी, व्यवसायी र दलालीको । यस्ता 'दहीचिउरे' हरुलाई मजदुरको पीडाले कहिल्यै दुख्दैन । पैसा हुनेलाई, सरकारी कर्मचारी र राजनीतिक दललाई मन्दीले असर गरेको छैन् । जो गरिब छ, उसलाई मन्दीले थप पीडा दिएको छ ।

बिहान कमाएर बेलुका खानेहरुलाई मन्दीको बहानामा शोषकीहरुले लुटिरहेका छन् । शोषकीहरुले सित्तैमा गरिबको पसिना खाइरहेका छन् । यहाँ त गरिबको आवाज उठाउने, पदमा पुग्ने अनि भ्रष्टाचार गर्ने । उपभोक्तावादी भनेका छन् तर त्यही ठगहरुसँग मिल्छन् । गरिबहरु हिजो पनि बाठाटाठाको माथि पुग्ने भऱ्याङ थिए, आज पनि । कमिशनका लागि राजनीतिक दलले भएका सरकारी उद्योगहरु बन्द गराए । उद्योग बन्द भएपछि रोजगारी भएन् । राजनीतिक दलहरुले प्राइभेट फर्म, संघसंस्थाले ठगोस् भनेर त त्यसो गरेका हुन् । यो घामझैं छर्लङ्ग छ । पर्दाभित्र बसेर राजनीतिक दलले गरिबलाई लुटिरहेका छन् । उनीहरुको 'देखाउने र चपाउने दाँत' बेग्लै छ । हामी सञ्चारकर्मी भन्छौं । उनीहरु आफैंले तलब पाएका छैनन्, अरुको आवाज के उठाऊन् ? राजनीतिक दलहरुले गरिबको रगतपसिना माथि राजनीति गर्न कहिल्यै नछोड्ने भए । प्राइभेट अफिसमा काम गर्नेहरु मरिमरि खटिन्छन् तर तलब पाउँदैनन् ।

सरकारी कर्मचारीहरु हाजिर गर्छन्, घाममा बसेर सुन्तला र बदाम खान्छन् । राजनीतिक कुराकानी गर्छन् अनि घरतिर दौडिन्छन् । श्रमको यहाँ कदर नै छैन । कार्यालय जाने, हाजिर गर्ने अनि टाप कस्ने । जागिर एकातिर खान्छन् तर कामचाँहि आफ्नो व्यक्तिगत गर्ने । धेरै सरकारी कर्मचारीले पसल खोलेका छन् ।

काम नै नगरेपनि सरकारी तलब पाकिहाल्छ । के-को टन्टला ? तनाव त सँधै सीधासाधीलाई मात्र हुन्छ । गरिबलाई त बिहान खाए, बेलुका के खाने भन्ने चिन्ताले कहिल्यै नछोड्ने भयो । देशमा सँधै शोषक र सामन्तीको राज चल्ने भयो ।

## नेपाल ...

यस्तै सूचीमा रहेको पाकिस्तानले आफ्नो स्तरमा सुधार ल्याएको भनी यो वर्ष पाकिस्तान उक्त सूचीबाट हटेको छ ।

नागरिक उड्डयन प्राधिकरणलाई सेवा प्रदायक र नियामक दुई छुट्टाछुट्टै वर्गमा विभाजन नगरेसम्म ईयूले उसको सेफ्टी लिस्टबाट नहटाउने भनी स्रोतले जानकारी दिएको छ। यसैगरी नेपालले चिनियाँ जहाज खरिद गरेका कारण ईयूले सेफ्टी लिस्टमा राखेको पनि भन्ने गरिन्छ । यसतर्फ सरकार तथा सरोकारवाला निकायहरुको ध्यान जान नसकेको भनी विद्वतवर्गले आलोचना गर्दै आएका छन् ।

## स्वास्थ्य ...

छन् । सुधार गर्न सकिन्छ भन्ने हिसाबले अघि बढेका मन्त्री पौडेलले सातवटै प्रदेशमा क्यान्सरको उपचार शुरु, संघीय अस्पतालमा दुई सिफ्टमा ओपीडी सञ्चालन १४ वर्ष मुनिका बालकालिकाको क्यान्सरको निःशुल्क उपचार, १६ लाख किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप प्रबन्ध, राष्ट्रिय खेलाडीको निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था र मृत्युपश्चात अंगदान गर्नेको परिवारलाई दुई लाख रुपियाँ दिने व्यवस्था मन्त्री पौडेलले गरेका छन् । यसैगरी सातै प्रदेशमा जलनको उपचार निःशुल्क गरेर जनताको मन जित्ने काम पनि मन्त्री पौडेलले गरेका छन् ।

यसबाहेक सरकारी अस्पतालमा देखिने रातिदेखिको लाम र स्वास्थ्य बीमाको दायरा पाँचलाख पुऱ्याउने चुनौतीपूर्ण घोषणा पनि मन्त्री पौडेलले गरेका छन् । १७ वटा संघीय अस्पतालहरुमा अनलाइन प्रणाली शुरु गरेपछि बेथिति र कमिशनको खेतीले ग्रस्त पारेको स्वास्थ्य मन्त्रालयमा सुधारका संकेतहरु देखिन थालेका छन् । अझै मन्त्री पौडेलले स्वास्थ्य बीमा गरेका अस्पतालबाट बिरामीले बाहिर औषधि किन्नुपर्ने अवस्थालाई अन्त्य गर्नुपर्ने जानकारहरुले बताएका छन् ।

यसबाहेक नेपाल अधिराज्य भरका वडा तहमा पनि स्वास्थ्य उपचारको व्यवस्था गर्न सके सुनमा सुगन्ध हुने नागरिक वृतमा चर्चा चलेको छ । कांग्रेसबाट मन्त्री बनेका १० जनामध्ये मन्त्री पौडेलको काम सर्वोत्कृष्ट रहेको समाचार श्रोतले बताएको छ ।

## बुटवल ...

नभत्काउने र दायाँबायाँको काम सकेपछि मात्र बीचको सडक बनाउने तैयारी भैरहेको बताइएको छ ।

चिनिया निर्माण कम्पनीले नै बनाउने भएकाले संसय पैदा भएको सरोकारवालाहरुले बताएका छन् । २०१९ सालमा बनेको बुटवल-गोरुसिङ्गे सडक ६२ वर्षपछि विस्तार हुन लागेको समाचार श्रोतले बताएको छ । यो सडक खण्ड विस्तार गर्दा करिब १२० वटा घरहरु भत्काउनुपर्ने र वन्य जन्तुहरु हिडडुलका लागि १९ वटा अन्डर पास बनाइने बताइएको छ । नेपालका निर्माणाधीन सडक र पुलहरुले गतिलिन नसक्नुमा सडक विभागको अक्षम नेतृत्व माथि आरोप लागेको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्री र सचिवलाई समेत विभागको अक्षम नेतृत्वको बाछिटा पर्ने गरेको जानकारहरुले बताएका छन् । विभागको अक्षम नेतृत्वले मन्त्री र सचिवको कार्यक्षमता ओझेलमा परेको छ ।

## एमालेले ...

ओलीलाई अध्यक्ष बनाउन निर्णायक योगदान गरेको जानकारहरु बताउँछन् ।

गौतमलाई २०७६ सालमा प्रधानमन्त्रीबाट ओलीलाई हटाउन भूमिका खेलेको आरोप लागेको छ । सोही कारण गौतम एमालेबाट बाहिर पर्दै आइरहेका छन् । एमालेले अध्यक्ष ओलीले जे व्यवहार गरेपनि गौतम अझैपनि एमालेको बाटो कुरिरहेका छन् । गौतमलाई एमालेमा ल्याउने बेला अहिले नभएको भन्दै विगत छ महिनादेखि पर्खाएर राखेको गौतमले बताएका छन् ।

आगामी २०८४ को निर्वाचनलाई मध्यनजर राखी गौतम नेकपा एसमा प्रवेश गर्ने तयारी गरेको जानकारहरुले बताएका छन् । यता, एमाले नेता भीमबहादुर रावल पनि अध्यक्ष ओलीको पेलाईबाट मुक्त हुनका लागि नेकपा एसतिरै प्रवेश गर्ने तयारीमा जुटेको समाचार श्रोतले जानकारी दिएको छ । एमालेमा अध्यक्ष ओलीको निरंकुश प्रवृत्तिले अरु पनि थुप्रै नेताहरु रुष्ट बनेको खबर छ ।

यता, स्थानीय उप-निर्वाचनको परिणमकले मर्माहत बनेका अध्यक्ष एवं प्रधानमन्त्री ओलीले पार्टीभित्र आफ्नो विरोध गर्नेहरुलाई तर्साउँदै सिजिङ्ग पिङ्ग बन्न खोजेको पनि राजनितिक वृत्तमा चर्चा चलेको छ । एमालेमा विकल्प नदेखिएपछि अन्य नेताहरु तैं चुप मैं चुपको अवस्थामा ओलीको गुणगान गाउन बाध्य बनेको समाचारमा उल्लेख गरिएको छ ।

## प्रतिवेदनको ...

समर्थकहरुलाई सरकारको विरुद्धमा उत्रन आग्रह गरेका थिए । उनको आग्रहलाई शिरोधार्य गर्दै रास्वपाका नेता-कार्यकर्ता सडकमा समेत उत्रिएर न्यायालयलाई समेत प्रभावित पार्न सकिन्छ कि जसरी नाराबाजी तथा अनेक खालका गतिविधि गरेका थिए ।

लामिछानेले आफूलाई राजनीतिक प्रतिशोध राखी कानूनी प्रक्रिया अघि बढाइएको बताउने गरेका थिए । उनले हिरासतमै रहेका बखत प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीलाई नालायक, भ्रष्ट, अनियमितताको जड जस्ता कुरा भन्न भ्याएका थिए । कानूनी राजलाई खुल्ला रुपमा चुनौती दिएका लामिछानेका लागि तिनै अभिव्यक्तिहरु गलपासो जस्तो बन्न पुगेका छन् ।

भिडलाई देखाएर न्यायालयलाई प्रभावित गर्न चाहेका लामिछानेको उक्त चाहना स्वतन्त्र न्यायपालिकाले पूरा गर्ने संभावना रहेन । न्यायालय आफ्नो न्यायिक प्रक्रियामा लागिरहेको छ । सरकारी पक्षबाट प्रक्रिया पूरा गरेर अनुसन्धान भैरहेको अवस्थामा अदालतले आफूले निर्वाह गर्नुपर्ने भूमिका निभाई स्वतन्त्र न्यायालयको विश्वव्यापी मान्यतालाई स्थापित गर्दै गएको छ ।

यसैगरी प्रधानमन्त्री ओलीलाई पनि आफ्ना विरुद्ध अभिव्यक्ति दिने लामिछानेलाई अनुसन्धानमुक्त गराउनुपर्ने अवस्था थिएन । लामिछाने र लामिछानेका समर्थकहरुले राजनीतिक चरित्र देखाई सरकार वा प्रधानमन्त्रीसँग कुनै माग राखेको भए ओलीले पनि सरकारी तवरबाट केही गर्न सकिने अवस्था हुने भए गरिदिने अवस्था पनि हुनसक्थ्यो तर त्यो वातावरण समेत उनीहरु स्वयम्ले बिथोल्ने कार्य गरे ।

यसरी लामिछाने र उनका समर्थकहरुको हर्कतका कारण प्रधानमन्त्री ओलीलाई पनि यो प्रकरण न्यायिक प्रक्रियामा गैसकेको अवस्थामा आफूले केही गर्न नमिल्ने भन्न मिलेको थियो । यसैगरी नेपाली कांग्रेसका सभापति लगायतलाई पनि न्यायिक प्रक्रियमा गैसकेको अवस्थामा त्यसको नतिजा पर्खिनुको विकल्प नरहेको भन्न सजिलो भयो ।

सडक र सदनमा तातेका रास्वपाका नेता कार्यकर्तालाई आफूले थालेको सडक प्रदर्शनी नै गलपासो बन्न पुगेको छ । पछिल्लो समयमा रास्वपाको आह्वानमा हुने प्रदर्शनीमा पोखरामा मानिसहरु देखिन छाडेका थिए । सोही कारण उक्त प्रदर्शनीलाई काठमाडौँहुँदै तुहाउने कार्यमा रास्वपाका नेता-कार्यकर्ता लागे ।

यसैबीच रास्वपाका नेता कार्यकर्ताहरु भने अन्यौलमा परेका छन् । रास्वपाका सभापति लामिछानेबारे अदालतबाट कस्तो आदेश हुने हो भन्ने कुरा निश्चित नभई सकेको हालको अवस्थामा उनीहरु अदालतको आदेश कुर्नुपर्ने अवस्थामा छन् । यसैगरी करिब तीन महिना हुँदा पनि लामिछानेले कसैलाई पनि कार्यवाहक सभापतिको जिम्मेदारी नसुम्पिएका कारण यो दल पनि तानाशाही दल नै पो रहेछ भन्ने आरोप लाग्दै आएको छ । फौजदारी अभियोगमा हिरासतमा रहेका बतख लामिछानेले कार्यवाहक सभापति तोकेको भए उनीमाथि लोकतान्त्रिक चरित्रको संज्ञा प्राप्त हुने अवस्था रहन्थ्यो ।

# परराष्ट्रमन्त्री भारतमा, ओली आशामा

काठमाडौँ/ परराष्ट्रमन्त्री डा.आरजू राणा देउवा जर्मनीबाट भारत गएकी छिन् । बुधबार भारत प्रस्थान गरेकी देउवा युरोपको भ्रमण सकाएर त्यहींबाट भारत गएकी हुन् ।



आज पुस ५ गते भारतमा हुने एक आर्थिक सम्मेलनमा उनले सम्बोधन गर्ने कार्यक्रम छ । नेपाल समसामयिक अध्ययन केन्द्र र भारतको फाउन्डेसन फर इकोनोमिक ग्रोथ एन्ड वेलफेयर (एग्रो) को आयोजनामा हुन लागेको सो सम्मेलनलाई उनले सम्बोधन गर्ने कार्यक्रम राखिएको छ ।

उनी भोलि शनिबार नेपाल आइपुग्ने कार्यक्रम रहे पनि यसबीचमा उनले भारतमा उच्चस्तरीय भेटघाट पनि गर्ने बताइएको छ । भारतीय विदेशमन्त्री एस.जयशंकरसँग भेटघाटको समय मिलाउने काम भइरहेको समेत समाचार स्रोतले जानकारी दिएको छ ।परराष्ट्र मन्त्रालयका निमित्त सचिव अमृतबहादुर राई र नेपालका लागि कार्यवाहक राजदूत प्रसन्न श्रीवास्तवबीच भेटघाट भई यसका लागि पहल भैरहेको बताइएको छ ।

प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली प्रधानमन्त्री बनेको छ महिना हुँदा पनि भारतले उनलाई औपचारिक रुपमा भ्रमणको निम्तो दिएको छैन । त्यसैले परराष्ट्रमन्त्री आरजूमार्फत ओलीले आफ्नो भ्रमणको व्यवस्था मिलाउन भनिरहेको पनि समाचार स्रोतले दाबी गरेको छ । यसअघि भारतको भ्रमणमा परराष्ट्रमन्त्री आरजू जाँदा भारतले एकदमै उच्चस्तरको आतिथ्यता प्रदान गरेको थियो । नेपालमा प्रधानमन्त्री बन्नासाथ सामान्य रुपमा पहिलो भ्रमण भारतबाटै हुने गरेको अवस्थामा ओलीलाई पछिल्लो प्रधानमन्त्रीकालमा भारतले भ्रमणको निम्तो दिएको छैन । सोही कारण ओली नेतृत्वको सरकार कुनै पनि बेला ढल्न सक्ने चर्चा चल्ने गरेको छ ।

यसरी आफूलाई निम्तो समेत नदिएको अवस्थामा ओली परराष्ट्रमन्त्रीमार्फत भारतमा सम्बन्ध सुमधुर बनाउन चाहिरहेका बताइएको छ । यसका लागि उनले परराष्ट्रमन्त्रीको भारत भ्रमणलाई आफ्नो भ्रमणको लागि अनुकुलको बनाउन लगाउने अश्त्रका रुपमा पनि प्रयोग गर्न चाहिरहेको पनि समाचार स्रोतले दाबी गरेको छ ।

# अमेरिकाको चेतावनी भारतलाई

काठमाडौं/ भारतलाई अमेरिकाको राष्ट्रपतिमा निर्वाचित भएका डोनाल्ड ट्रम्पले चेतावनी दिएका छन् । राष्ट्रपतिको पदभार ग्रहण गर्नुअघि नै उनले भारतलाई चेतावनी दिएका हुन् । उनले भारतमा पठाइने अमेरिकी सामानमा लगाइएको करको विषयलाई लिएर भारतविरुद्ध कडा अभिव्यक्ति दिएका बताइएको छ ।

भारतले अमेरिकी सामानमा जति कर लगाउँछ, अमेरिकाले पनि भारतीय सामानमा त्यति नै कर लगाउने भनी ट्रम्पले भारतलाई चेतावनी दिएका हुन् ।अमेरिकाबाट आउने सामानमा लगाइएको उच्च अतिरिक्त महसुलको जवाफमा अमेरिकाले पनि ती सबै देशबाट अमेरिकामा भित्रिने सामानमा त्यही स्तरको अतिरिक्त महसुल अर्थात् रेसिप्रोकल ट्यारिफ लगाउने भनी आफ्नो नीति सार्वजनिक गर्दा त्यसको असर भारतमा पनि पर्ने देखिएको बताइएको छ ।

# सञ्चारकर्मी निरौलाको निधन

इनरुवा/ सुनसरी जिल्लाको सदरमुकाम इनरुवालाई कार्यक्षेत्र बनाई 'ब्लाष्ट' पत्रिकामा कार्यरत पत्रकार राजन निरौलाको शनिबार निधन भएको छ ।



उनको भारत भ्रमणका क्रममा वृन्दावनमा मस्तिष्कघात भएको परिवारजनले जानकारी दिएका छन् । मस्तिष्कघात भएपछि उनलाई दिल्लीरोडको केडि अस्पतालमा उपचारकालागि लगिएको थियो । त्यसपछि उनलाई नेपालको धरानस्थित बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारकालागि राखिएको थियो । चिकित्सकको सल्लाह अनुसार शुक्रबार निरौलालाई घर ल्याइएपछि शनिबार उनको निधन भएको थियो ।

निरौला स्थानीय साथीहरुसँग मंसिर २० गते भारतका विभिन्न ठाउँहरुको तीर्थयात्रामा गएका बताइएको छ । उनी फिरन्ते समूहका सदस्य समेत रहेका थिए । उनका धर्मपत्नी, एक छोरा र एक छोरी छन् । निरौलाको निधनले एक कुशल पत्रकार गुमेको इनरुवाबासी बताउँछन् । यसैबीच 'नयाँ विमर्श' उनको निधनमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ ।

# अब पद्मज्योति समूह

काठमाडौँ/ व्यापारिक तथा औद्योगिक घरानाको रुपमा चिनिदै आएको ज्योति समूहलाई पद्मज्योति समूहमा रुपान्तरण गरिएको छ। पत्रकार सम्मेलनमार्फत सो कुराको जानकारी दिइएको हो । समूहको अध्यक्षमा




पद्मज्योतिका साथै मीरा ज्योति संस्थापक सदस्य र सौरभ, सुहृद, सिर्जना र आरती ज्योति निर्देशक रहेका जानकारी गराइएको छ।

उक्त घोषणा कार्यक्रममा पद्मज्योति समूहद्वारा स्पाइनल इन्जुरी सेन्टर काभ्रेपलाञ्चोकलाई २५ लाख नगद सहयोग गरिएको थियो। यसैगरी समूहले धर्मोदय सभालाई ११ आना जग्गा पनि प्रदान गरेको थियो ।

पद्मज्योति समूहले गुणस्तरका लागि परिचित आफ्ना विश्वसनीय ब्रान्डसँगै भविष्यलाई आकार दिन नयाँ योजना र रणनीति ल्याइरहेको जनाएको पनि सो अवसरमा जानकारी गराइएको थियो ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

KEEN
SMART LIVING
दूर दृष्टि डिजिटल प्रा.लि.

Franklin
EDUCATION CONSULTANCY
BPP UNIVERSITY
BPP UPDATE
NEW COURSE ADDED
MSc Management with Hospitality Management
MSc Management with Human Resource Management
MSc Technology Management
MSc Technology Management with Cyber Security
MSc Technology Management with Software Leadership

Kamalpokhari | Krishnapauroti Building Kathmandu, Nepal
9802365552
9802365554
HEAD OFFICE London, United Kingdom
BRANCH OFFICE Pokhara, Hetauda & Dhangadhi

# 'कोइली बनैमा' गीत बजारमा

काठमाडौं/नेपाली गीती बजारमा गायक दीपेश विष्टको नयाँ गीत 'कोइली बनैमा' आएको छ।

डम्बर विश्वकर्माको रचनामा तयार उक्त गीतमा विष्ट र शान्ति श्री परियारको सुमधुर आवाज रहेको छ। यस गीतलाई लय युस्कल छिनालले गरेका छन् ।त्यसैगरी संगीत संयोजन राजेन्द्र बाजुरालीले गरेकाछन् ।

मायाप्रेममा आधारित यस गीतमा विशेषगरी गाउँघरमा केटाकेटी बीच बसेको मायाप्रेमलाई मुख्य कथाबस्तु बनाइएको छ। गीतमा केटाले आफूले मनपराएकी केटीलाई तिम्रो मनमा म भएपनि नभए पनि तिमी भने मेरो मनमा सधै भरी रहिरहनेछौ भन्ने कुरा देखाउन खोजिएको छ।

त्यसैगरी केटीले म कति माया गर्छु भन्ने कुरा देखाउन मिल्दैन त्यो त मेरो मनलाई थाहा छ भन्ने जस्ता कुरा गीतका शब्दमार्फत देखाउन खोजिएको छ।




लामो समय नेपाली गीतसंगीतमा लागेका गायक बिष्ट आफूले गरेका सबै गीत उत्तिकै राम्रा लाग्छन् भन्दै अझ यो गीतमा आफूले मात्र हैन हाम्रो सम्पूर्ण टिमले नै धेरै मेहनत गरेर तयार पारेकाले झनै राम्रो भएको दाबी गर्छन्। युट्युबमा हालेदेखिनै यस गीतलाई धेरैले मन पराइदिएको उनी बताउँछन्।

गीतको म्यूजिक भिडियोलाई निर्देशक विनोद भण्डारीले निर्देशन गरेका छन्। गीतको मुख्य भूमिकामा पनि भण्डारी आफै रहेकाछन्। उनलाई जुना विश्वकर्माले साथ दिएकी छिन्। मालाश्री स्टुडियोमा रेकडिङ गरिएको यस गीतको म्यूजिक भिडियोको सम्पादन भने मनोज कार्कीले गरेकाछन्। यो गीत दीपेश विष्टको अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ।


Happy
Qatar National Day
December 18th 2024
Let's celebrate this special day with you
ASPIRE HR SERVICES

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
टेकु, काठमाडौं, नेपाल
फोन नं: ०१-५३६४९७५, ५३६४९७४

चिसो मौसममा देखिने स्वास्थ्य समस्या
चिसो तथा शीतलहरको समयमा,
➢ मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन्।
➢ यी रोगले बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन्छन्।
➢ उनीहरुको विशेष ख्याल राखौं।
➢ बाक्लो र न्यानो कपडा लगाऔं।
➢ तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाउँ।
➢ स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel,**
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**